# वाल विवाह अन्तयका लागि रणनैतिक योजना
## २०८२/०८३

## गोलन्जोर गाउँपालिका
## ग्वालटार सिन्धुली

## बिषय सूची

१. पृष्ठभूमि....३

२. गाउँपालिकाको परिचय....४

२.१. पृष्ठभूमि/ भौगोलिक अवस्थिति ....४

३. बाल विवाह सम्बन्धी नीतिगत व्यवस्था....४-५

४. वर्तमान स्थिति....६

४.१. बाल विवाह बारे स्थानीयको बुझाई....७-८

४.२. बाल विवाहः मुख्य कारण र असरहरु....८

४.३. बाल विवाह अन्त्यका शुरुवाती थालनीहरु....८-९

५. रणनैतिक योजना तर्जुमा प्रक्रियामा समावेशी सहभागिता....९

६. रणनीतिक योजनाको मूल्य र मान्यता....१०

७. रणनीतिक योजनाका सिद्धान्तहरु....१०-११

७.१. समानताको अधिकार....१०

७.२. बालबालिकाको सर्वोत्तम हित....११

७.३. बालबचाउ र विकास....११

७.४. संरक्षण....११

७.५. अर्थपूर्ण सहभागिता....११

७.६. बालमैत्री वातावरणको प्रवर्द्धन....११

७.७. राज्यको दायित्व....११

८. रणनीतिक दावी विवरण....११

८.१. परिकल्पना....११

८.२. ध्येय....११

८.३. लक्ष्य........११

८.४. उद्देश्यहरु........१२

९. रणनीति........१२

९.१. रणनीति........१२-१३

९.२. कार्य योजनाका मान्यताहरु........१३

१०. कार्य योजनाको समय र सरोकारवाला........१३

१०.१. समय सिमा........१३

१०.२. सरोकारवाला........१३-१४

११. जिम्मेवारी र भूमिका........१४-१६

११.१. स्थानीय सरोकारवालाहरु र गाउँपालिका बीच सम्बन्ध र जिम्मेवारी........१४-१६

११.२. क्षमता अभिवृद्धि समिति........१६-१७

११.३. कार्यान्वयन, समन्वय र अनुगमन तथा मुल्याङ्कन समिति........१७

१२. रणनीतिक योजनाका सफलताका सुत्रहरु........१८

१३. अनुसूचीहरुः........१९-३०

अनुसूची १ गाउँपालिकाको वडागत जनसांख्यिक विवरण........१९

अनुसूची २ कार्यशाला लगायतका छलफलमा उपस्थिति विवरण........२०-२३

अनुसूची ३ बाल विवाह अन्त्यका लागि कार्य योजना........२४-२९

अनुसूची ४ कार्यान्वयन, समन्वय र अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार...३०

अनुसूची ५ बाल विवाह विरुद्ध उजुरी लिने निकायहरु........३०

## १. पृष्ठभूमि

बालविवाह हाम्रो समाजमा जरा गाडेर बसेको एउटा गम्भीर सामाजिक समस्या हो, जसको प्रभाव आजसम्म पनि लाखौं बालबालिकाको जीवनमा देखिन्छ । यो समस्या केवल नेपालको मात्र होइन, विश्वका थुप्रै देशहरूको साझा चुनौती हो । विभिन्न संस्कार, परम्परा, धार्मिक आस्था, गरिबी, अशिक्षा र लैंगिक विभेदले गर्दा आज पनि धेरै बालबालिकाहरु, विशेष गरेर बालिकाहरु/किशोरीहरु बाँच्नुपर्ने, सिक्नुपर्ने र आफूले रोजेको जीवन जिउनुपर्ने उमेरमै विवाह बन्धनमा बाँधिन्छन् । उनीहरूको सपना, लक्ष्य, र भविष्यका ढोका जबर्जस्ती बन्द गरिन्छन् । विशेष गरी दक्षिण एशियाली मुलुकहरूमा यो समस्या अझ गहिरो छ, र नेपाल पनि अपवाद होइन । सरकारले तयार पारेको 'बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२' का अनुसार नेपाल अझै पनि बालविवाहको उच्च दर भएको देशहरूमध्ये एक हो, जहाँ बङ्गलादेश र भारतपछि नेपाल तेस्रो स्थानमा पर्छ, हाल दोस्रो स्थानमा ।

विवाह भनेको केवल सामाजिक र पारिवारिक सम्बन्ध मात्र होइन, यो एक व्यक्तिको जीवनसँग गहिरो रूपमा जोडिएको मानव अधिकार हो । प्रत्येक व्यक्तिले परिपक्व उमेरमा, सोचविचार गरेर, आफ्नो इच्छा अनुसार, आफ्नो जीवनसाथी छान्न पाउने स्वतन्त्रता हुनुपर्छ । यही मान्यतालाई आत्मसात गर्दै नेपालको कानुनले पनि विवाहको न्यूनतम उमेर २० वर्ष तोकेको छ । मुलुकी अपराध संहिता, २०७४ र नेपालको संविधानको धारा ३९ को उपधारा ५ ले बालविवाहलाई स्पष्ट रूपमा बालअधिकारको उल्लङ्घन मानेको छ र यसलाई दण्डनीय अपराधको रूपमा स्वीकार गरेको छ । पीडित बालबालिकालाई क्षतिपूर्तिको व्यवस्था गरिएको छ, जसले राज्यको दायित्वलाई झन् स्पष्ट पार्छ-बालविवाह अन्त्य गर्नु सरकार र समाज दुवैको साझा जिम्मेवारी हो ।

तर बालविवाहको असर केवल कानुनी सवालमा मात्र सीमित छैन । यसले एक बालबालिकाको सम्पूर्ण जीवनचक्रमा असर पार्दछ । पढ्नुपर्ने उमेरमा विद्यालय जान छाड्नु, आत्मनिर्भर बन्ने अवसर गुमाउनु, परिपक्वताविना मातृत्वको बोझ वहन गर्नु, स्वास्थ्यमा समस्या आउनु, यौनजन्य हिंसा र घरेलु हिंसाको सिकार बन्नु-यी सबै अवस्था बालविवाहको प्रत्यक्ष परिणाम हुन् । अझ खतरनाक त के भने, यस्तो स्थिति बालश्रम, मानव बेचबिखनजस्ता अपराधमा पनि परिणत हुन सक्छ । दीर्घकालीन रूपमा हेर्दा, यसले महिलाको आत्मविश्वास, निर्णय क्षमता र सामाजिक सहभागिता कमजोर पार्छ, जसले समग्र समाजको विकास प्रक्रियामा बाधा पुऱ्याउँछ । समता, न्याय र समृद्धि खोज्ने समाजमा यस्ता समस्या समाधान नगरी अघि बढ्न सकिँदैन ।

गोलन्जोर गाउँपालिकाको सन्दर्भमा हेर्दा, स्थानीय सरोकारवालाहरूसँग गरिएको कार्यशाला र बेग्ला बेग्लै भेटमा सहभागीहरूले बालविवाहका थुप्रै कारणहरू औंल्याएका छन् । सामाजिक र सांस्कृतिक परम्पराले विवाहलाई अझै पनि पुरुष अभिभावकको मुख्य जिम्मेवारीको रूपमा बुझ्ने सोच, गरिबी र बेरोजगारी, शिक्षा र जानकारीको अभाव, किशोरीहरूप्रति असुरक्षाको भावना, धार्मिक मान्यताहरू, सामाजिक सञ्जालको दुरुपयोग, कानुनी सजायबाट जोगिन खोज्ने ढाकछोप प्रवृत्ति-यी सबैले बालविवाहलाई झन जटिल बनाएका छन् । यस्ता कारणहरूसँग जुध्नका लागि केवल कानुनी प्रबन्ध मात्रै पर्याप्त हुँदैन, यो लडाइँ भावनाको हो, चेतनाको हो, र समाज रूपान्तरणको हो ।

नेपाल सरकारले सन् २०३० भित्र बालविवाह अन्त्य गर्ने प्रतिवद्धता जनाइसकेको छ । यही राष्ट्रिय प्रतिबद्धता अनुरूप गोलन्जोर गाउँपालिकाले स्थानीय आवश्यकता, समुदायको आवाज र सरोकारवाला निकायको सल्लाहमा आधारित भएर "बालविवाह विरुद्धको रणनीतिक योजना" तयार पारेको हो । यो योजना केवल कागजमा सीमित दस्तावेज होइन; यो गाउँको छोरीहरू हाँस्न पाउँन्, सिक्न पाउँन्, आफ्नो सपना पछ्याउन पाउँन् भन्ने विश्वासको दस्तावेज हो । यस योजनाबाट बालविवाह अन्त्यको दिशामा ठोस कदम चाल्दै, सबै तहका अभिभावक, शिक्षक, समुदायका अगुवा, धार्मिक व्यक्तित्व, राजनीतिक प्रतिनिधि र सबै सरोकारवाला मिलेर बालमैत्री समाज निर्माण गर्ने दिशा तय गरिएको छ । यस्ता योजनाहरू तब मात्र सफल हुन्छन् जब तिनलाई हाम्रो मन, मस्तिष्क र व्यवहारमा उतारिन्छ-हामी सबैले मिलेर परिवर्तनको बीउ रोप्छौं, त्यसैबाट उज्यालो भविष्य पलाउँछ ।

## २. गाउँपालिकाको परिचय

### २.१ पृष्ठभूमि/ भौगोलिक अवस्थिति

गोलन्जोर गाउँपालिका नेपालको बागमती प्रदेश अन्तर्गत सिन्धुली जिल्लामा अवस्थित एक स्थानीय तह हो । नेपाल सरकारको मिति २०७३ साल फागुन २७ गतेको निर्णयअनुसार देशभरिका अन्य स्थानीय तहहरूसँगै साविक डुडभन्ज्याङ, वितिजोर, भुवनेश्वरी, तीनकन्या, रतनचुरा, बाशेश्वर र भिमेश्वर गरी सातवटा गाविसलाई समेटेर सात वडासहितको गोलन्जोर गाउँपालिकाको गठन गरिएको हो । वाशेश्वर, रतनचुरा र तीनकन्या गाविसको संगमस्थलमा पर्ने गोलन्जोर डाँडाको नामबाट यस पालिकाको नाम 'गोलन्जोर' राखिएको हो ।

यस गाउँपालिकामा हाल १८,७३७ जनसंख्या रहेका छन् जसमा महिला ५०.७ प्रतिशत र पुरुष ४९.३ प्रतिशत छन् । कुल ४,५२७ घरधुरी रहेको यो पालिका जातीय विविधताले भरिएको छ जसमा क्षेत्री, ब्राह्मण, ठकुरी, मगर, नेवार, कामी, दमाई, सार्की, भुजेल, माझी, तामाङ, सुनुवार, राई, हायु आदिको उपस्थिति रहेको छ ।

गोलन्जोर गाउँपालिकाको पूर्वमा फिक्कल गाउँपालिका र रामेछाप जिल्ला, पश्चिममा कमलामाई नगरपालिका तथा सुनकोशी गाउँपालिका, उत्तरमा रामेछाप जिल्ला तथा दक्षिणमा कमलामाई नगरपालिका र तीनपाटन गाउँपालिका पर्दछन् । ग्वाल्टार, खुर्कोट, च्याकुटार, खनियाखर्कजस्ता मुख्य बजार क्षेत्रहरूसहित यस पालिकामा बिन्दाबासिनी मन्दिर, कलङ्केश्वरी महादेव गुफा, धारापानी, भिमेश्वर महादेव, शुलिभञ्ज्याङ, डुकुरसिंग मन्दिर, नाकाजोली र माझकुभिण्डे जुनार क्षेत्र, गोलन्जोर भ्यू टावर, ल्यान्द्रयाङ, महाभारत क्षेत्रमा पर्ने खनियाखर्कदेखि धापचौकी क्षेत्रसम्मका थुप्रै आकर्षक पर्यटकीय स्थलहरू रहेका छन् । यसबाहेक सुनकोशी नदी र यहाँको र्‍याफ्टिङ्ग पनि थप आकर्षणका केन्द्र हुन् ।

सामाजिक तथा सांस्कृतिक रूपमा चाडपर्वहरूमा पनि यो पालिका समृद्ध छ जहाँ दशैं, तिहार, ल्होसार, माघी, होली, तीज, जनैपूर्णिमा आदि पर्वहरू उल्लासपूर्वक मनाइन्छन् । शिक्षाको क्षेत्रमा ६४ विद्यालय रहेका छन्, जसमा २ संस्थागत र ६२ सामुदायिक विद्यालय छन् । एकवटा क्याम्पस पनि संचालनमा रहेको छ । स्वास्थ्य सेवाका दृष्टिले १ सामुदायिक अस्पताल, १२ वटा स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रहरू, र १ निजी अस्पताल क्रियाशील छन् ।

यातायातका दृष्टिले यो पालिका बि.पी. राजमार्ग र मध्यपहाडी लोकमार्गद्वारा जोडिएको छ । सुनकोशी नदी यस पालिकाको प्रमुख नदी हो भने वाक्सु, वितिजोर, बन्दिजोर, अधेरी जस्ता खोलाहरू यहाँ बग्दछन् । विविध जातीय, भौगोलिक तथा सांस्कृतिक सम्पदासहित गोलन्जोर गाउँपालिका समृद्ध र सम्भावनायुक्त स्थानीय तहको रूपमा स्थापित भएको छ ।

## ३. बालविवाह सम्बन्धी नीतिगत व्यवस्था

सन् २०१३ को डिसेम्बरमा संयुक्त राष्ट्रसंघको ६८ औं साधारणसभाबाट "बालविवाह तथा जबरजस्ती हुने विवाह" विषयक प्रस्ताव पारित गरिएपछि बालविवाह विरुद्धका कार्यक्रमहरु विश्वव्यापीरुपमा उच्च प्राथमिकतामा परेका छन् । नेपालले बालअधिकार सम्बन्धी महासन्धी १९८९, महिलामाथि हुने सबै प्रकारका विभेदहरुको अन्त्य गर्ने महासन्धि १९७९, नागरिक तथा राजनीतिक अधिकारका लागि अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी कायरो अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, यातना विरुद्धको महासन्धी १९८४, जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना १९९४, चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ घोषणा र सम्बद्ध कार्ययोजना र सार्क लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरमा बालअधिकारलाई प्रवर्द्धन गर्ने विभिन्न अन्तर्राष्ट्रिय महासन्धी तथा इच्छाधिन आलेखहरु मार्फत नागरिकहरुको आधारभूत अधिकारहरु विशेषत: बालअधिकार संरक्षणमा प्रतिवद्धता जाहेर गरेको छ ।

बालविवाह विरुद्धको प्रयास सार्कसँग आवद्ध रहेको बालबालिका उपर हुने हिंसाविरुद्धको दक्षिण एसियाली पहल (SAIEVAC) को एक रणनीतिक कार्यक्षेत्र पनि हो । यसले सार्क मुलुकहरुमा बालविवाह अन्त्यका

लागि क्षेत्रीय कार्ययोजना (२०१५-२०१८) तयार गरी राष्ट्रिय संयन्त्र मार्फत् बालविवाह विरुद्धमा आफ्ना प्रयासहरु केन्द्रित गरेको छ । यसका साथै उक्त रणनीतिलाई परिपालना गर्दै नेपाल सरकारको नेतृत्वमा नोभेम्बर ७, २०१४ मा बालविवाह अन्त्य गर्न कानुनको प्रयोग गरी जवाफदेहिता वृद्धि विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी दक्षिण एसियाबाट बालविवाह अन्त्यका लागि काठमाडौं आव्हान पनि पारित गरिएको छ ।

संयुक्त राष्ट्रसंघले सन् २०३० सम्ममा पूरा हुने गरी दीगो विकासका लक्ष्यहरु निर्धारण गरेको छ जसमध्ये पाँचौ लक्ष्यको लैङ्गिक समानता अन्तर्गत "सबै प्रकारका हानिकारक अभ्यासहरु जस्तै कलिलो उमेरमा गरिने र जबर्जस्ती गरिने विवाहमा र महिलाको योनी छेदनको उन्मूलन" मा बालविवाहलाई २४.५ प्रतिशतबाट घटाएर ४.१ मा झार्ने लक्ष्य समावेश गरिएको छ । सदस्य राष्ट्र भएको नाताले नेपालले यो लक्ष्य पूरा गर्न सबै प्रकारको प्रयत्न गर्नु वाञ्छनीय हुने हुनाले यो रणनीतिक योजना पनि एउटा ठोस प्रयत्नका लागि परिलक्षित छ ।

नेपालको संविधानको धारा ३९ को उपधारा (५) ले कुनैपनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने गरी बालविवाह विरुद्धको अधिकारलाई बालबालिकाको मौलिक हकको रुपमा स्थापित गरेको छ । साथै बालविवाह गर्नमा सहयोग गरेमा कानून बमोजिम दण्डनीय हुनेछ र यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ती पाउने हक हुनेछ भनी उल्लेख गरेको छ । संविधानले प्रत्याभूत गरेको मौलिक हकलाई कार्यान्वयन गर्नका लागि कानूनी व्यवस्था हुनु जरुरी हुन्छ र सोका लागि नेपालले विभिन्न कानून बनाएको छ । बालविवाहलाई बदरयोग्य र दण्डनीय बनाउनका लागि विभिन्न कानूनहरु बनेका छन् । मुलुकी अपराध संहिता २०७४ को परिच्छेद ११, विवाहसम्बन्धी कसुर अन्तर्गत दफा १७३ मा बालविवाह गर्न नहुने भनी व्यवस्था गरिएको छ । उक्त दफा १७३ को कानूनी व्यवस्था निम्नानुसार रहेको छ:

दफा १७३. बालविवाह गर्न नहुने:

(१) विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरित भएको विवाह स्वत: बदर हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

त्यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को प्रस्तावनामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्ने उल्लेख गरिएको छ । उक्त ऐनमा बालविवाह गर्ने र गराउन सहयोग गर्नेलाई सजायको पनि व्यवस्था गरेको छ साथै पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता गरिएको छ । उक्त ऐनको परिच्छेद ८ को बालबालिका विरुद्धको कसूर अन्तर्गत दफा ६६ को उपदफा (२) को खण्ड (ण) मा "बालबालिकाको विवाह गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्यलाई बालबालिका विरुद्ध हिंसा गरेको मानिनेछ" भनी उल्लेख गरिएको छ । साथै परिच्छेद ९ को सजाय, क्षतिपूर्ती तथा मुद्दा हेर्ने अधिकारी अन्तर्गत दफा ७२ उपदफा (३) मा सजायको व्यवस्था गरिएको छ । उक्त हिंसा गर्नेलाई उपदफाको खण्ड (ख) मा पचहत्तर हजार रुपैयाँसम्म जरिवाना र ३ वर्षसम्म कैद सजाय हुने व्यवस्था गरिएको छ ।

राष्ट्रिय बालबालिका नीति, २०८० ले बालविवाहलाई बालबालिकाको हक अधिकार प्रचलनका लागि बाधकको रुपमा पहिचान गरेको छ । नीतिको रणनीति नं. ११.५ मा बालविवाह लगायत प्रथा परम्पराका नाममा हुने हानिकारक अभ्यासका लागि संघ, प्रदेश, स्थानीय तह, सञ्चार माध्यम, निजी क्षेत्र, सामाजिक अगुवा, समुदायमा आधारित संस्था तथा सञ्जालको प्रभावकारी परिचालन गर्ने, बालविवाह विरुद्धको उजुरी प्रक्रियालाई सरलीकृत बनाइने, सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बालविवाह रोक्ने कार्यका लागि स्थानीय तहलाई थप जिम्मेवारी दिइने कुरा उल्लेख गरिएको छ । साथै बालविवाहका कारणको पहिचान गरि निरोधात्मक कार्य स्थानीय तहको सक्रियतामा सञ्चालन गरी बालविवाह मुक्त स्थानीय तह घोषणा गर्न उत्प्रेरित गरिनेछ भनि उल्लेख गरिएको छ ।

त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय सरकारको (वडा समिति) काम, कर्तव्य र अधिकारको व्याख्यामा बालमैत्री शासन बनाउने व्यवस्थासहित बालविवाहको अन्त्य गर्ने र गराउने कार्य उल्लेख गरिएको छ ।

## ४. वर्तमान स्थिति

२०२४ मा प्रकाशित गरिएको संयुक्त राष्ट्रसंघ जनसंख्या कोष (UNFPA) को "State of World Population Report" अनुसार, नेपालमा बालविवाह अझै पनि गम्भीर सामाजिक समस्या बनेको छ । यस प्रतिवेदनका पछिल्ला तथ्यांकहरू अनुसार, २० देखि २४ वर्ष उमेर समूहका महिला मध्ये ३३ प्रतिशतले १८ वर्ष पुग्नुअघि नै विवाह गरेका छन्, जसमध्ये ८ प्रतिशतले त १५ वर्ष पुग्नुअघि नै विवाह गरेका थिए । गाउँमा बसोबास गर्ने किशोरीहरूमा १५ वर्षभन्दा कम उमेरमा विवाह गर्ने दर शहरी क्षेत्रको तुलनामा १.५ गुणा बढी पाइन्छ । त्यस्तै, सबैभन्दा गरिब घरपरिवारमा बसोबास गर्ने किशोरीहरूमा १५ वर्षभन्दा कम उमेरमा विवाह गर्ने दर सबैभन्दा धनी घरपरिवारको तुलनामा ६ गुणा बढी रहेको देखिन्छ । साथै, शिक्षा नपाएका किशोरीहरूमा किशोरावस्थामै गर्भधारण गर्ने सम्भावना शिक्षित किशोरीहरूको तुलनामा १५ गुणा बढी रहेको तथ्य पनि उजागर गरिएको छ । यी तथ्यांकहरूले नेपालमा बालविवाह अझै पनि वर्ग, स्थान र शिक्षा जस्ता कारकहरूद्वारा प्रभावित गम्भीर सामाजिक मुद्दा बनेको स्पष्ट देखिन्छ ।

नेपाल मल्टिपल इण्डिकेटर क्लस्टर सर्भे रिपोर्ट, २०१९ मा उल्लेख भएअनुसार नेपालमा २० देखि २४ उमेर समूहका महिलाहरु मध्ये ८ प्रतिशत १५ वर्ष नपुग्दै विवाह गर्छन् भने ३३ प्रतिशत १८ वर्ष नपुग्दै ( बागमती प्रदेशको सन्दर्भमा १८ वर्ष नपुग्दै विवाह गर्ने किशोरी २७.३ प्रतिशत पाईएको छ) । नेपाल उच्च बालविवाह हुने दक्षिण एसियाली देशहरु मध्ये पर्दछ भने बालविवाह विश्वका अन्य देशहरुमा घटिरहँदा हाम्रो देशमा भने बढ्दै गएको छ ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण, २०२२ का अनुसार नेपालमा महिलाहरु पुरुष भन्दा कम उमेरमा विवाह गर्दछन् । २५ देखि ४९ वर्षका महिलाहरुमा पहिलो पटक विवाह गर्दाको औसत उमेर १८.३ वर्ष पाईएको छ भने सोहि उमेर समूहका पुरुषहरुमा पहिलो पटक विवाह गर्दाको औसत उमेर २२.३ पाईएको छ । २५ देखि ४९ उमेर समूहमा १२% महिलाहरुको पहिलो पटक विवाह गर्दाको उमेर १५ वर्ष मुनि र ४७ % महिलाहरुको पहिलो पटक विवाह गर्दाको उमेर १८ वर्ष मुनि पाईएको छ जसको तुलनामा जम्मा १% पुरुषहरुको पहिलो पटक विवाह गर्दाको उमेर १५ वर्ष मुनि र १४% पुरुषहरुको पहिलो पटक विवाह गर्दाको उमेर १८ वर्ष मुनि पाईएको छ । साथै विद्यालय छाड्ने बालबालिकाको तुलनामा निरन्तरता दिनेको विवाह ढिलो भएको पाईएको छ ।

यस गोलन्जोर गाउँपालिकाको समग्र साक्षरता दर ७१.७% देखिन्छ जस अन्तर्गत पुरुष साक्षरता दर ७९.४% छ भने महिला साक्षरता दर ६४.३% छ । पुरुष र महिलाको साक्षरता दरमा १५.१ अंकको फरक देखिन्छ । कुल ४५२७ परिवारहरूमा प्रति परिवार लगभग ४.१३ जना सदस्यहरू रहेको पाइन्छ । यस पालिकामा सबैभन्दा धेरै जनसंख्या १० देखि २४ वर्ष उमेर समूहमा रहेको छ । पुरुषको तुलनामा महिलाको जनसंख्या बढी रहेको यस पालिकामा पुरुष ४९.३% र महिला ५०.७% छन् ।

यसैगरी राष्ट्रिय जनगणना, २०७८ का अनुसार पहिलो पटक विवाह गर्दाको उमेर विश्लेषण गर्दा १० देखि २० वर्ष उमेर समूहका जम्मा ४८६२ पुरुषहरू मध्ये ४४% ले विवाह गरेको पाइएको छ भने महिलाको हकमा जम्मा ५५८५ मध्ये ७८.२% ले विवाह गरेको पाइयो । त्यसैगरि गोलन्जोर गाउँपालिकाको स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीका अनुसार पहिलो पटक गर्भ जाँच गरेका महिलाको संख्या हेर्दा आर्थिक वर्ष ०८०/०८१ मा मात्रै २० वर्ष मुनिका ५२ जनाले सेवा लिएको पाइन्छ जसमध्ये ४ पटक गर्भ जाँच गराउनेको संख्या १७ र ८ पटक जाँच गराउनेको संख्या ९ रहेको छ । सोही तथ्याङ्कले गोलन्जर गाउँपालिका सिन्धुली जिल्लाको ९ स्थानीय तह मध्ये दोस्रो बढी बाल विवाह भएको स्थानीय

तह भनि देखाउँदछ । आर्थिक वर्ष ०८१/०८२ को २०८२ वैशाख सम्मको गोलन्जोर गाउँपालिकाको स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्क अनुसार पहिलो पटक गर्भ जाँच गरेका महिलाको संख्या हेर्दा २० वर्ष मुनिका १७ जनाले सेवा लिएको पाइन्छ जसमध्ये ४ पटक गर्भ जाँच गराउनेको संख्या ८ र ८ पटक जाँच गराउनेको संख्या ८ रहेको पाइन्छ ।

### ४.१ बालविवाहबारे स्थानीयको बुझाई

बीस वर्ष नपुग्दै विवाह गर्ने चलन विद्यमान रहेको यस गाउँपालिकामा बालविवाहका परम्परागत सोच र प्रचलन न्यून हुँदै गएको र नयाँ प्रचलनहरु देखिँदै आएको यहाँका सरोकारवालाहरु बताउँछन् । प्रथम रजश्वला हुनभन्दा अगावै छोरीको कन्यादान गरिदिँदा स्वर्ग जान पाउने धार्मिक विश्वासमा अहिले मान्यता निकै कम भएको तर सामाजिक सञ्जालको प्रचलनबाट र विवाह गर्दा पाइने वस्तुहरुको लोभ र साथीहरुको लहैलहै वा देखासिखीमा भागी विवाह भइरहेको छ । यस गाउँपालिकाका जानकारहरुसँग बालविवाहबारे धेरै बुझाईहरु रहेछन् । बाल समूह, निर्वाचित जनप्रतिनिधि, राजनीतिक दल, प्रहरी, शिक्षक, स्वयम्सेविका, अभिभावक, विवाहित जोडी, सामाजिक अभियन्ता, पत्रकार, स्वास्थ्य चौकी प्रमुख, धर्मगुरु र विवाहितका आमाबाबुसँग कुराकानी गरिएको थियो ।

यस गाउँपालिकाद्वारा आयोजित रणनीतिक योजना तर्जुमा कार्यशालामा सहभागीहरुले बालविवाहबारे रोचक तथा मार्मिक घटनाहरु सुनाए । मागी भन्दा पनि भागी विवाह, खासगरी ८ देखि १० कक्षा पढ्दा पढ्दै भागी विवाह गर्ने चलन बढिरहेको बताए । आमाबुबाको अनुमति बिना उमेर नपुग्दै किशोरकिशोरी भागेर विवाह गर्दा किशोरको परिवारमा सहज वातावरण नबनेमा किशोरी थप हिंसामा पर्न सक्ने, माइतीमा फर्केर आउन पनि अप्ठेरो र आत्महत्या समेतको सम्भावना रहने खतरा देखिन्छ । बालविवाह अन्त्य नहुनुको पछाडि हामी सचेत वर्ग पनि जिम्मेवार छौं । उहिले उहिले बालविवाहको बारेमा कानुनी व्यवस्था थिएन । धर्म र संस्कृतिको नाममा बालविवाह गरिन्थ्यो । तर अहिले कानून विद्यमान रहेको अवस्थामा विवाह पनि कानूनले निर्देशित हुनुपर्ने हो तर गैरकानुनी कार्य गर्दा पनि प्रहरीमा खबर नगर्ने, आफन्तलाई बचाउन लाग्ने र विवाहलाई सामाजिक मान्यता दिई विवाहितलाई रातारात भगाउने कार्य सचेत वर्ग बाटै हुने गरेको पाईयो ।

किशोर-किशोरी समूहमा रहेका किशोरीहरु बालविवाहमा आफूहरु बाध्य भएको कुरा सुनाउँछन् । उनीहरुका अनुसार घरको कारणले आफूले विवाह गर्नु परेको थियो । यस गाउँपालिकामा कार्यरत स्वास्थ्य स्वयम्सेविकाहरुको पनि आफ्नै अनुभवहरु छन् । सहभागी एक स्वयम्सेविका महिलाले आफूले बालविवाहका किशोरीहरुलाई भेट्ने गरेको र केही त जाँच गराउन समेत आउने गरेको सुनाउनुहुन्छ । उहाँका अनुसार यसरी विवाह गर्ने जोडीलाई प्रजनन् स्वास्थ्य र सरसफाईबारे जानकारी नहुने कुरा बताउनुभयो ।

आफ्नो विवाहमा बालबालिका स्वयम् जिम्मेवार हुने हो तर पनि आफुले गर्न लागेको बालविवाहको नकारात्मक असरबारे जानकारी नहुने हुँदा उनीहरुभन्दा पनि परिवार त्यसमा पनि अझ विशेषगरी आमाबुवा गम्भीर जिम्मेवार हुनुपर्दछ । किनकि बालबालिका भनेका वयस्कका दायित्व हुन् । विवाह हुन लागेको थाहा पाएर बालविवाह नगर्न भन्दा भन्दै विवाह गरिरहेको अवस्था छ । प्रहरी प्रशासनले कडाई गर्दा यस अवस्थामा सुधार ल्याउन सकिन्छ भन्ने धारणा पनि छ । उसो त प्रहरीसम्म घटना उजुरी नहुने गरेको प्रहरी अधिकारीहरु बताउँछन् । बालविवाहका किशोरीहरु स्वास्थ्य स्वयंसेविकाहरुसँग सल्लाह लिने र जाँच गराउने स्वास्थ्य चौकीमा जाने गर्दछन् । स्वयम्सेविकाहरु विवाह गर्ने जोडीलाई प्रजनन् स्वास्थ्य र सरसफाइबारे जानकारी दिने गर्दछन् ।

अन्य सहायक सामुदायिक चलनहरु जस्तै छिटो विवाह गरे घरपरिवारलाई सहयोग हुने भन्ने बुझाइ, बालिकाको शारिरीक विकासलाई उमेरसँग तुलना गर्नु, बालबालिका र अभिभावक बीच मित्रवत् व्यवहार/सम्बन्ध नहुनु, अझैपनि छोरा र छोरी बीच गरिने असमान व्यवहारले पनि समुदायमा हुने बाल

विवाहलाई थप बल प्रदान गरेको छ । कार्यशालाका सहभागीहरुका अनुसार गोलन्जोर गाउँपालिकामा विभिन्न गैर सरकारी संस्थाहरुको सहयोगमा बालविवाह विरुद्ध विभिन्न जनचेतनामूलक कार्यक्रम (सडक नाटक, र्‍याली, घरदैलो साँस्कृतिक कार्यक्रम आदि), रेडियो कार्यक्रम, विद्यालयस्तरीय प्रतियोगिता, बालअधिकार सम्बन्धी तालिम (कानुनी सचेतना), भइरहेको जनाएका छन् । विवाहका लागि योग्य उमेर भएको भनि वडाबाट मात्र सिफारिस लिनु पर्ने बाध्यकारी नियम समेत पालिकाले लागू गरेको छ । साथै सामुदायिक संरचनाहरु जस्तै बालअधिकार समिति, बाल समूह, बालमैत्री स्थानीय शासन समन्वय समिति गठन, स्वास्थ्य आमा समूह परिचालन बालविवाह विरुद्ध क्रियाशील रहेको जानकारी प्रस्तुत गरेका थिए । साथै बालमैत्री पालिका घोषणाका लागि महाअभियान शुरु भैसकेको जानकारी गराए ।

### ४.२ बालविवाहः मुख्य कारण र असरहरु

सामान्य रुपमा बालविवाहका कारणहरु धेरै छन् । तर विशेष रुपमा यस गाउँपालिकामा भइरहने बाल विवाहका कारण सामान्य रुपका भन्दा फरक छन् । कार्यशाला लगायत सानो समूह छलफल र जानिफकारसँगको कुराकानीमा सहभागीहरुले बालविवाहका मुख्य कारण र असरहरुबारे समूहगत रुपमा छलफल गरेका थिए । जस अनुसार बालविवाहका कारणहरु निम्नानुसार छन्:

१) धार्मिक मान्यता र विश्वास, सामाजिक परम्परा, मान्यता र साँस्कृतिक अभ्यासबाट यहाँको समाजको वालविवाहको अवस्था प्रभावित छ । (पहिले पहिलेको तुलनामा निकै कम)
२) विवाह पुरुष अभिभावकको जिम्मेवारी ठान्नु, लैङ्गिक विभेद, पारिवारिक बेरोजगारी, सन्तान र अभिभावक बीच मित्रवत् सम्बन्ध नहुनु, चेतनाको अभाव र पारिवारिक बाध्यता ।
३) सूचना र प्रविधिको बढ्दो दुरुपयोग ।
४) एस.ई.ई. पछिको समयमा किशोर किशोरीलाई कहिकतै केहिमा आबद्ध नगराउनु, खाली राख्नु ।
५) बालविवाहका घटनालाई कानुनी दायरामा ल्याउनुको सट्टा ढाकछोप गर्ने प्रचलन ।
६) विद्यमान ऐन, कानुन, नीति नियमको प्रभावकारी कार्यान्वयन नहुनु ।
७) बालबालिका तथा किशोरीहरुमा प्रजनन् तथा यौन शिक्षाको अभाव ।

**छलफलको क्रममा सहभागीहरुले बालविवाहका निम्न असरहरु औंल्याएका थिए:**

सामाजिक असरहरुः छिटो विवाह हुँदा जनसंख्या बढ्ने, घरेलु हिंसा बढ्ने, वैवाहिक जीवन दिगो नहुने, शारीरिक अपरिपक्वताका कारण स्वयम् आमा र बच्चाको स्वास्थ्यमा समस्या उत्पन्न हुने, बालश्रमको समस्या देखिने, वैवाहिक बलात्कार साथै बहुविवाह, यौन दूर्व्यवहार बेचविखन जस्ता हिंसाको श्रृङ्खला सिर्जना हुन्छ । सामाजिक असन्तुलन एवम् अपराध समेत बढ्ने ।

आर्थिक असरहरुः परनिर्भरता बढ्ने, जन्मदर बढी भएर सन्तानको संख्या बढ्नुले परिवारको खर्च धान्न गाह्रो हुने, पारिवारिक बेरोजगारी बढ्ने तथा समग्र समाज गरिबीले व्यापकता पाउने ।

शारीरिक असरहरुः पाठेघर खस्ने समस्या, अपाङ्गता भएका तथा कुपोषित बच्चा जन्मने प्रवल सम्भावना, मातृ एवम् शिशु मृत्युदर बढ्ने, महिलामा दीर्घ रोगहरु देखिने ।

मनोसामाजिक असरहरुः असहज महसुस, निन्द्रा नलाग्नु र तनावमा रहनु । साथै गम्भीर हुँदै गएर मानसिक हिंसामा पर्नु र दीर्घरोगी बन्नु ।

### ४.३ बालविवाह अन्त्यका शुरुवाती थालनीहरु

सिन्धुलीको गोलन्जोर लगायत सबैजसो पालिकामा बालविवाहको दर उच्च रहेको पाइन्छ । उहिले उहिले बालविवाहको बारेमा कानुनी व्यवस्था थिएन, धर्म र संस्कृतिको नाममा बालविवाह गरिन्थ्यो । सानै

उमेरमा विवाह गराउने चलन धेरै थियो । हाल अभिभावकले पनि बुझ्दै गएका छन् । पाठ्यपुस्तकमा समेत बालविवाहको बारेमा अध्ययन गराइन्छ । बालविवाह गरिने परम्परालाई अहिले गलत प्रथाको रुपमा स्वीकार गरिँदै आएको पाइन्छ । बालविवाह परम्परागत रूपमा आए तापनि अब यो अमान्य, असामान्य, अशोभनीय तथा अलोकप्रिय घटना हो जसलाई यस गाउँपालिकाले पनि न्यूनीकरण गर्दै लैजाने कार्यको थालनी गरेको छ ।

कार्यशाला एवम् प्रतिनिधिमुलक भेटमा सहभागीहरुले बालविवाह अन्त्यका लागि गर्न सकिने केही कार्यक्रमको नाम व्यक्त गर्नु भएको थियो । जस्तै गाउँपालिकाको बजेट विनियोजन गर्ने, समय तोकेर बालविवाह विरुद्ध कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने, सन्देशमूलक होर्डिङ बोर्ड राख्ने र विवाहित किशोर-किशोरी मार्फत् आफ्ना भोगाइ आदान-प्रदान गर्ने, वृहत जनचेतनामूलक घरदैलो कार्यक्रम गर्ने, आर्थिक रुपमा विपन्न परिवार लक्षित रोजगार सृजना गर्ने कार्यक्रमहरुलाई प्राथमिकतामा राख्ने, धार्मिक/सामाजिक गुरुहरु लक्षित कार्यक्रम ल्याउने, पाठ्यपुस्तक बाहेक पनि कम्तिमा हप्तामा एक पटक बालविवाह सम्बन्धी कार्यक्रम गर्ने, बालविवाहको नकारात्मक परिणामबारे विद्यालयको प्रार्थना समयमै बालबालिकाहरुलाई जानकारी गराउने । यस गाउँपालिकाले कार्ययोजना निर्माण गरी बालविवाह विरुद्ध अभियान संचालन साथै यसलाई अझै प्राथमिकतामा राखेर तीव्र रुपमा अघि बढ्नु पर्ने देखिएको छ । वडाहरुमा किशोर किशोरी सञ्जाल, बाल समूहहरु, स्वास्थ्य स्वयम्सेविकाहरु मार्फत् बालविवाहबारे चेतनामूलक छलफल गर्ने गरिएको छ, त्यसैगरी गैरसरकारी संस्थाहरुले पनि केही वडामा बालविवाह विरुद्धका कार्यक्रमहरु गरेका छन् भने केहि वडा पोषणमैत्री स्थानीय शासन वडा घोषणा अभियानमा अगाडी बढेको र केहि वडा बालमैत्री वडा घोषणार्थ अघि बढिरहेको छ ।

## ५. रणनैतिक योजना तर्जुमा प्रक्रियामा समावेशी सहभागिताः

यस गाउँपालिकाले सरोकारवालालाई समावेश गरी बालविवाह अन्त्यका लागि चरणगत रणनैतिक योजना निर्माण कार्यशाला सम्पन्न गरेको छ । लगभग सबै वडाहरुबाट जनप्रतिनिधिहरुको उपस्थिति रहेको थियो । वडाका अध्यक्षहरुको सक्रिय सहभागिता रहेको थियो । कार्यशालामा पालिकाका सबै जातजाति, वर्ग, समूहको प्रतिनिधित्व रहेको थियो । साथै बालबालिका किशोर-किशोरी, बालअधिकार समिति, बाल समूह, स्वास्थ्य स्वयम्सेविकाहरुको समावेशी सहभागिता रहेको थियो । कार्यशाला, सानो समूह छलफल र जानिफकारसँगको कुराकानीका सहभागीहरुको विवरण **अनुसूची २** मा समावेश गरिएको छ ।

उक्त कार्यशालामा सहभागीहरु व्यक्तिगत तथा समूहगत तवरले रणनीति तर्जुमा गर्न योगदान गरेका थिए । सहभागीहरुको समूह अभ्यासबाट धेरै महत्वपूर्ण जानकारी, सुचना र तथ्याङ्क एवम् सुझावहरु संकलन गरिएको थियो । सहभागीहरुले आफ्नो गाउँपालिकाको रणनैतिक योजना कस्तो बनाउने भन्ने बारेमा पनि आ-आफ्नो राय राखेका थिए । रणनैतिक योजना तर्जुमाको चरणमा विशेष सरोकारवालाहरु (अध्यक्ष, उपाध्यक्ष, स्वास्थ्य चौकी, प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, महिला स्वयम्सेविका, बाल समूह/ किशोरी समूह र बालअधिकार समिति) सँग छुट्टै बसी प्रश्नोत्तर विधिमा र हालै विवाह गरेको सहित बालविवाह गरेकाहरुसँग पनि मुख्य सूचनादाताको रुपमा छलफल गरिएको थियो । यसका अलावा विद्यमान कानुन, बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२, स्थानीय गैर सरकारी संस्थाले विज्ञको सहायतामा तयार पारेको बाल संरक्षण नीति लगायतका दस्तावेजलाई रणनीति तयार पार्नका निम्ति आधार मानिएको छ । जसबाट बालविवाहको अवस्था विश्लेषण तथा कार्ययोजना निर्माणमा सहयोग पुगेको थियो ।

यो रणनीतिक योजना तर्जुमा कार्यमा प्रत्यक्ष सहभागीहरुबाट प्राप्त पृष्ठपोषणलाई मुख्य आधारको रुपमा लिइएको छ । साथै आवश्यकता अनुसार केही अनिवार्य प्राविधिक पक्ष र सहायक सन्दर्भ अध्ययन तथा विश्लेषणलाई पनि समावेश गरिएको छ ।

विज्ञहरुले सहजीकरणमा तयार गरिएको रणनीति योजनालाई अन्तिमरुप दिन तथा गाउँपालिकालाई अनुमोदनका लागि सिफारिस गर्न एक पालिकास्तरीय मस्यौंदा समिति (कार्यशालामा उपस्थित सम्पूर्ण) को गठन गरिएको थियो । यो रणनीति गोलन्जोर गाउँपालिकाको अगुवाईमा जनजाती समाज विकास कार्यक्रम, सिन्धुलीको प्राविधिक सहयोग तथा प्लान इन्टरनेशनल, नेपालको आर्थिक सहयोगमा तयार पारिएको हो ।

## ६. रणनीतिक योजनाको मूल्य र मान्यता

- बालविवाहलाई कानुनी रुपमा दण्डनीय अपराध माने तापनि यस गाउँपालिकाबाट हटाउन सकिएको छैन । अझ किशोर-किशोरी माझ इन्टरनेटमा उपलब्ध विभिन्न सामाजिक सञ्जालहरु तथा सञ्चारका नयाँ माध्यमहरुको बढ्दो लोकप्रियताले बालविवाहलाई बढावा दिइरहेको छ । नेपालको संविधान २०७२ ले बालविवाहलाई बन्देज गरेको हुँदा बालविवाह अन्त्यका लागि प्राथमिकताका साथ कार्यक्रम केन्द्रित गर्न आवश्यक छ ।
- “अरुको घरमा जाने जात” वा “छोरा घरको, छोरी अर्काको” वा “छोरा जन्मे आफ्नो लागि, छोरी जन्मे अरुको लागि” जस्ता निकृष्ट पितृसत्तात्मक सोचमा आमूल परिवर्तन ल्याई छोरीहरूलाई सम्मानजनक संरक्षणको वातावरण श्रृजना गर्न र बालबालिका तथा किशोरकिशोरीहरूले आफ्नो विवाहलाई आफ्नो विचार र भावना सम्मत बनाउन विवाहको निर्णयमा उनीहरूको पहुँच सुनिश्चित गरी व्यक्तिगत अधिकार स्थापित गर्न जरुरी छ ।
- बालविवाह बहु-आयामिक र बहु-सरोकारको सवाल हो । गाउँपालिकामा सबै सरोकारवालाहरुको समन्वयात्मक एकीकृत पहलको आवश्यकता छ । गाउँपालिका सम्बद्ध निकायहरु, विकासका साझेदार, गैरसरकारी संस्था तथा नागरिक समाज र स्वयम् बालवालिका एवम् किशोर-किशोरीहरू तथा अभिभावकहरूको सक्रिय सहभागिता आवश्यक छ । तसर्थ सम्बन्धित सबै अहम् भूमिकामा रहेकाहरु बीच सहकार्य र समन्वयबाट एकीकृत रुपमा अभियान केन्द्रित थालनी गर्नुपर्ने भएकोले गाउँपालिकाले कार्यान्वयन, समन्वय र अनुगमन संयन्त्रको विकास गर्न आवश्यक छ ।
- बालविवाहको अन्त्य गर्ने र बालविवाहको कारणवाट सृजित विभिन्न जोखिम र हिंसामा परेका विवाहित र अविवाहित बालबालिका र किशोर-किशोरीलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई जीवनमा सकारात्मक परिवर्तन ल्याउनका साथै यस गाउँपालिकाको विकासमा उनीहरूको समान सहभागितालाई सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।
- गाउँपालिकालाई प्राप्त स्वायत्तताको अधिकारको अवसरलाई बालविवाह अन्त्यका लागि सदुपयोग गरी आफ्नै अगुवाईमा नीति तथा कार्यक्रमहरू निर्माण गर्न जरुरी छ । त्यसका लागि उपलब्ध साधन र स्रोतको पहिचान र प्रभावकारी परिचालन मार्फत् बालविवाहको अन्त्य गरी बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न ।
- गोलन्जोर गाउँपालिकालाई बालविवाह लगायत बालबालिका विरुद्धका सबै प्रकारका हिंसा, शोषण, बेवास्ता तथा दुर्व्यवहारबाट मुक्त बनाउन सरोकारवालाहरूलाई प्रतिबद्ध बनाउन आवश्यक छ ।

## ७. रणनीतिक योजनाका सिद्धान्तहरू

गोलन्जोर गाउँपालिकामा बालविवाह विरुद्ध रणनीतिक योजना तर्जुमा गर्ने सन्दर्भमा निम्न सैद्धान्तिक मान्यताको आधारमा गरिएको छ । यी सिद्धान्तहरुलाई आत्मसात गरी रणनीतिक योजनालाई कार्यान्वयन गरिनेछ ।

**७.१. समानताको अधिकारः**

प्रत्येक बालबालिकालाई उसको लिङ्ग, धर्म, उमेर, जातीयता, समाजिक-आर्थिक स्तर, क्षमता, वर्ण, वैवाहिक स्थिति र संस्कृतिको आधारमा भेदभाव विनाको समान अधिकार हुनुपर्दछ ।

**७.२. बालबालिकाको सर्वोत्तम हितः**

बालबालिकाको विषयमा कुनै पनि निर्णय गर्दा उनीहरुको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्छ ।

**७.३. बालबचाउ र विकासः**

प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा हुर्किई उच्चतम स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनुपर्दछ ।

**७.४. संरक्षणः**

बलविवाह तथा अन्य हानिकारक अभ्यास लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा, जोखिम, उपेक्षा तथा शोषणबाट बालबालिका संरक्षित हुनुपर्दछ ।

**७.५. अर्थपूर्ण सहभागिताः**

बालबालिकासँग सरोकारका सबै विषयमा उमेर र परिपक्वता अनुरुप उनीहरुको कुरा सुन्ने र आफ्नो विचार अभिव्यक्त गर्ने अवसर दिनुपर्छ । खासगरी बालिकाहरुको सशक्तिकरणले विवाहलगायत सबै तहका निर्णय प्रकृयामा सहभागिता वृद्धि भै सामाजिक विकासमा योगदान पुग्छ ।

**७.६. बालमैत्री वातावरणको प्रवर्द्धनः**

परिवार, विद्यालय, सरकारी कार्यालय, संघसंस्था, सार्वजनिक स्थल, विकासका संरचनाहरू, सञ्चारका माध्यमहरूलगायत सबै क्षेत्रहरूमा भिन्न उमेर, लिङ्ग, अपाङ्गता भएका बालबालिकालाई मैत्रीपूर्ण हुने वातावरण सृजना गर्नका लागि यस गाउँपालिका निरन्तर पैरवी गर्नेछ । बालबालिकासँग सम्बन्धित स्थानहरू, भवनहरू, सेवाहरू तथा उनीहरूको हकअधिकार प्रवर्द्धनमा गरिने सबै कार्यहरूमा लक्षित बालबालिकाको सहज पहुँच बढाउनका लागि सम्बन्धित सबैमा चेतना अभिवृद्धि गर्ने तथा बालबालिकाको तर्फबाट गाउँपालिका निरन्तर वकालत गर्नेछ ।

**७.७ राज्यको दायित्वः**

नेपालको संविधान, दिगो विकासका कार्यसूची (२०१६-२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार बालअधिकार उल्लंघनको कारक तत्वको रुपमा रहेको बालविवाहको रोकथाम तथा न्यायमा पहुँचको लागि राज्यको क्रियाशीलता बढाउनुपर्ने अवस्था रहेको छ ।

## ८. रणनीतिक दावी विवरण

### ८.१ परिकल्पना

“सुनिश्चित बाल अधिकार, समृद्ध बालमैत्री गाउँपालिकाको आधार”

### ८.२ ध्येय

बालअधिकार सुनिश्चित गरी बालविवाह मुक्त समाजको स्थापना गर्ने ।

### ८.३ लक्ष्य

वि.सं. २०८३ साल चैत्र सम्ममा बालविवाहको अन्त्य गरिने छ ।

### ८.४ उद्देश्यहरू

माथि उल्लेखित लक्ष्य हासिल गर्नका लागि देहाय बमोजिमको उद्देश्यहरू निर्धारण गरिएको छः

- तालिम, अन्तरक्रिया, प्रतियोगिता, कार्यशाला, बैठक, भेटघाट, भ्रमण र छलफल लगायतका ज्ञान र सीप अभिवृद्धि तथा बानी परिवर्तन कार्यक्रम मार्फत क्षमता अभिवृद्धि गरी बालबालिका र किशोर-किशोरीहरूलाई बालविवाहविरुद्ध परिवर्तनको संवाहक बनाइने छ।
- विद्यालयहरूमा अनुगमन र स्तरोन्नति गरी सम्पूर्ण बालबालिका तथा किशोर किशोरीहरूका लागि गुणस्तरीय प्राविधिक/गैर-प्राविधिक शिक्षा (औपचारिक/अनौपचारिक) सुनिश्चित गरिने छ साथै माध्यमिक शिक्षासम्म पूरा गर्न हरतरह प्रयास गरिने छ।
- बस्तिस्तरमा हुने बालविवाह अन्त्य सम्बन्धी चेतना अभिवृद्धिका कार्यक्रमहरूमा बालक, किशोर तथा पुरुषहरूको सहकार्य र सहभागिता सुनिश्चित गरिने छ।
- बालविवाह अन्त्यका लागि परिवार र आफन्तको प्रमुख दायित्व हुने हुनाले उनीहरूलाई जिम्मेवार र जवाफदेही बनाउने साथै गैरजिम्मेवार आफन्तजनहरूलाई कानूनसम्मत दण्ड जरिवाना गरिने छ।
- बालविवाह अन्त्यका लागि एकीकृत आवधिक योजना तर्जुमा र कार्यविधि तयार गरी बहुवर्षीय कार्ययोजना तयार पार्ने र कार्यान्वयनका लागि उचित बजेटको व्यवस्थापन गरिने छ।
- बालविवाह विरुद्धका क्रियाकलापमा सबै सरोकारवालाहरूलाई जिम्मेवारपूर्वक गम्भीर हुन समन्वयात्मक तवरले दोहोरोपना हटाई एकमुष्ठ ठूलो असर पार्न सघन कार्ययोजना तयार पारी सबैसँग समन्वय र सञ्चार गरिने छ।
- बालविवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मुल्यांकन कार्यलाई प्रभावकारी बनाइने छ।
- गाउँपालिका तथा विकासका साझेदार संस्थाहरुको सहकार्यमा बालविवाह अन्त्यका लागि स्रोतसाधनको पहिचान तथा उपलब्ध स्रोतसाधनको समुचित परिचालन गर्ने र सरोकारवालाको संस्थागत क्षमता अभिवृद्धि गरिने छ।

माथि उल्लेखित उद्देश्यहरू पूरा गर्नका लागि कार्ययोजना तयार पारिने छ र तुरुन्तै कार्यान्वयनमा ल्याइने छ। विस्तृत कार्य योजना **अनुसूची ३** मा उल्लेख गरिएको छ।

## ९. रणनीति

### ९.१ रणनीति

रणनीतिक योजनाले लिएको उद्देश्य पूरा गर्नका लागि देहाय बमोजिमका व्यवहारिक रणनीति तय गरिएका छन्:

- बालिका र किशोरी सशक्तीकरणका लागि लैङ्गिक रूपान्तरण अवधारणा प्रयोग गर्ने।
- बालविवाहको जोखिममा रहेका विशेषगरी सीमान्तकृत तथा विपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाहरूलाई प्राथमिकताका साथ सबै कार्यक्रमहरूमा प्रत्यक्ष लाभान्वित समूह मानी सक्रिय सहभागी गराइने।
- सामाजिक परिचालन विधि मार्फत परिवार तथा समुदायको परिचालन गरिने।
- बालकेन्द्रित सामुदायिक विकासको अवधारणामा आधारित भई सञ्चालन गरिने।
- बालविवाह अन्त्यका लागि सवालमा आधारित सामुहिक पैरवी अभियान निरन्तर सञ्चालन गरिने।

- बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चित गरिने ।
- संघीय तथा प्रादेशिक सरकारले बालविवाह अन्त्यका लागि अघि सारेको रणनीति अनूकुल कार्य योजना निर्माण गरी राष्ट्रिय लक्ष्य प्राप्तिमा सहयोग गर्ने ।
- गाउँपालिका, वडा समितिहरू, राजनीतिक दलहरू, नेपाल प्रहरी, सामाजिक संघ संस्था, बाल समूह, बालबालिका/किशोर-किशोरी सञ्जाल, युवा महिला समूह, परिवार तथा अन्य सरोकारवालाहरूमा बालविवाह शून्यमा झार्ने योजनामा समान बुझाइको विकास गरिने ।
- गाउँपालिकाले बहु-वर्षीय एकीकृत आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधन गरी बालविवाह अन्त्यका लागि निश्चित मापदण्ड तयार गर्नै पर्ने प्रावधान थपी कानून र नीतिको सुदृढीकरण गर्नका लागि पैरवी गर्ने ।
- अनुगमन, सुपरीवेक्षण तथा मुल्यांकन समिति प्रत्येक वडा कार्यालयहरूमा विस्तार गर्ने ।
- बाल समूह, किशोरी/युवा सञ्जाल जस्ता बालअधिकार संरक्षण/बाल बिवाहको अन्त्यको क्षेत्रमा क्रियाशील संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त र गाउँपालिका तथा विकासका साझेदार संस्थाहरूको सहकार्यमा बालविवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिबृद्धि गर्ने ।
- गाउँपालिकामा कार्यरत संघसंस्थाहरूले सञ्चालन गरिरहेका गतिविधिहरूमा बालविवाह अन्त्यलाई सह सम्बन्धित सवालको रूपमा लिन लगाउने ।

### ९.२ कार्ययोजनाका मान्यताहरु

- रणनीतिक तथा कार्ययोजना बालबालिका र किशोर-किशोरीहरुको सर्वोत्तम हित प्रति समर्पित हुनेछ ।
- कार्ययोजनाका सम्पूर्ण प्रयासहरु बालबालिकाको, संरक्षण, दीर्घ जीवन र विकासप्रति समर्पित हुनेछन् ।
- गाउँपालिकाले सबै सेवा प्रदायकलाई बालविवाहविरुद्ध महत्वपूर्ण योगदान गर्न र गम्भीर जवाफदेही बन्न बाध्य पारिनेछ ।
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शनको वार्षिक योजना तथा बजेटका प्राथमिकताहरुमा बालविवाह अन्त्यका लागि बजेट व्यवस्थापन गर्नुपर्ने बाध्यकारी प्रावधानको व्यवस्था गर्न संघीय सरकारसँग पैरवी गर्ने ।
- बालविवाहका असरहरु राज्यको दायित्व भित्र पर्दछन् र राज्यले जिम्मा लिनु पर्दछ ।
- गाउँपालिकाले बालविवाह विरुद्धको अभियानलाई आवधिक योजना तर्जुमा गरी शीघ्र कार्यान्वयनमा ल्याउनेछ ।

## १०. कार्ययोजनाको समय र सरोकारवाला

### १०.१ समयसीमा

यस रणनीतिक योजनाको समयावधी १ वर्ष नौं महिनाको (२०८२-२०८३ चैत्र ) रहनेछ ।

### १०.२ सरोकारवाला

रणनीतिक योजनाको मुख्य लक्षित समूहहरू देहाय बमोजिम छन्:

**अ) प्रत्यक्ष सरोकारवाला:**

१. बालबालिका तथा किशोर-किशोरी मुख्य रूपमा बालविवाहको जोखिममा रहेका विशेषगरी सीमान्तकृत तथा विपन्न समुदायका बालिका/किशोरी र विवाहित तथा युवा महिलाहरू
२. उनीहरूका परिवारजन र अभिभावक

**आ) अप्रत्यक्ष सरोकारवाला:**

१. सरकार र सरकारका निकायहरू
२. स्थानीय गैरसरकारी संघ, संस्थाहरू
३. स्थानीय सहकारी, लघुवित्त कम्पनी र शैक्षिक संस्थाहरु
४. स्थानीय तहमा रहेका विभिन्न छाता संगठनहरू
५. पत्रिका, रेडियो तथा विभिन्न सञ्चार माध्यमहरु
६. धार्मिक संस्थाहरू
७. धार्मिक गुरुहरु
८. स्वयम्सेविका तथा स्वास्थ्य आमा समूहहरू
९. बाल समूह र किशोर-किशोरी सञ्जाल
१०. अन्य विभिन्न स्थानीय समूह एवम् सञ्जालहरू
११. समुदाय

## ११. जिम्मेवारी र भूमिका

### ११.१. स्थानीय सरोकारवालाहरू र गाउँपालिका बीच सम्बन्ध र जिम्मेवारी

| क्र. सं. | स्थानीय सरोकारवालाहरू ( सरकारी निकाय, संघ, संस्था र संयन्त्र) | रणनीति तथा कार्ययोजना कार्यान्वयनमा गाउँपालिकासँगको सम्बन्ध | सरोकारवालाहरूको विशेष जिम्मेवारी |
|---|---|---|---|
| १ | वडा कार्यालयहरू | मार्गदर्शन/निर्देशन प्राप्त गर्ने, सहकार्यमा कार्यान्वयन गर्ने र जिम्मेवारी लिने | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख बालविवाह अन्त्यका लागि कार्यहरू गर्ने जिम्मेवारी लिने । |
| २ | शैक्षिक संस्थाहरु | निर्देशन प्राप्त गर्ने, सहकार्य, नियमन र कार्यान्वयन | सामाजिक विषयको अध्यापकलाई बालविवाहका नकारात्मक पक्षहरूबारे बालबालिकाहरूलाई अनुशिक्षण गर्ने गरी जिम्मेवार बनाउने, बालबालिकाहरूलाई बालविवाहविरुद्ध परिवर्तनको संवाहक बनाउने ।<br>अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने । |
| ३ | बालअधिकार समिति | निर्देशन प्राप्त गर्ने, समन्वय, सहयोग र सहकार्य | घटना व्यवस्थापन, अभिलेखीकरण, जोखिममा रहेको समूह पहिचान गर्ने, बालविवाहविरुद्ध अभियान, सचेतना, |

| | | | |
|---|---|---|---|
| | | | सूचना प्रवाह । |
| ४ | विषयगत शाखा | निर्देशन प्राप्त गर्ने, सहकार्य, नियमन र कार्यान्वयन | बालविवाहको जोखिममा रहेका परिवारलाई सेवा, सुविधा सरल तरिकाबाट उपलब्ध गराउने, सो सम्बन्धमा कार्यनीति बनाउने आफ्ना शाखाका कार्यक्रमहरु मार्फत बाल संरक्षणका विषयहरुलाई समावेश गर्ने । |
| ५ | सुरक्षा निकायहरू | निर्देशन प्राप्त गर्ने, सहकार्य, नियमन र कार्यान्वयन | बालविवाहविरुद्ध कानून कार्यान्वयन तथा कारबाही । सामुदायिक प्रहरी अन्तर्गत साझेदारी कार्यक्रम । |
| ६ | गैरसरकारी संघ, संस्था | समन्वय र सहकार्य | बालविवाह अन्त्यका लागि साझेदारी विकास, संयुक्त योजना निर्माण र कार्यान्वयन । |
| ७ | महिला / आमा समूह | सहकार्य, समन्वय, सचेतना र खबरदारी | घरमा बालबालिकाको शिक्षा, पोषण र सहभागिता सुनिश्चत गर्ने, बालविवाह विरुद्धको अभियानमा सहभागी र अन्य संघ, संस्था तथा कार्यालयहरूसँग सहकार्य गर्ने । |
| ८ | महिला स्वास्थ्य स्वयम्सेविका | निर्देशन प्राप्त गर्ने सहकार्य र समन्वय | बालबालिकाहरूको स्वास्थ्य निरीक्षण, घरदैलो अभियान गर्ने, बालविवाहविरुद्ध सूचना प्रवाह, सबै शिशुहरूको खोपमा पहुँच वृद्धि गर्ने, स्वास्थ्य सूचना तथा सेवा प्रवाह गर्ने । |
| ९ | बाल / युवा क्लब | सहकार्य, समन्वय, सहभागिता, अनुगमन र खबरदारी<br>नियमन, सहयोग र सहकार्य | बाल सहभागिता अभिवृद्धि, बालविवाहविरुद्ध घरदैलो अभियान गर्ने, गाउँपालिकालाई कार्ययोजना अनुसार कार्य गर्न सहयोग गर्ने । आफ्नो नियमित बैठकमा बालविवाहविरुद्ध एजेन्डा राखी छलफल गर्ने । |
| १० | व्यवसायी, उद्योगी | नियमन, सहयोग र सहकार्य | बालविवाहको जोखिममा रहेका किशोरी, युवा महिलाहरूलाई रोजगारी र ईन्टर्नसिप सहयोग । छापा व्यवसायीहरुले विहेको कार्ड छाप्दा उमेरको एकिन गरेर मात्र छाप्ने । |
| ११ | राजनीतिक दलहरू | साझा प्रतिवद्धताका लागि सहजीकरण, समन्वय, सहकार्य र नेतृत्व लिने | बालविवाह अन्त्यका लागि समान अवधारणासहित जिम्मेवारीवोध, बालविवाह अन्त्यका लागि नेतृत्व लिने र नीति, नियमको विकास गर्ने । |
| १२ | सञ्चार जगत | समन्वय र सहकार्य | बालविवाह अन्त्यका लागि सूचना प्रवाह र सरोकारवालाहरूसँग छलफल, सरोकारवालाहरुको प्रतिवद्धता लिने । |
| १३ | अभिभावक तथा शिक्षक | कार्यान्वयन, नियमन, समन्वय, सहकार्य र | बालविवाहविरुद्ध जिम्मेवारी बोध, छोराछोरीलाई सहयोग, नीति, नियमको |

| | | | |
|---|---|---|---|
| | | खबरदारी | पालना, सक्रिय सहकार्य |
| १४ | सहकारी | सहयोग र सहकार्य | शेयर सदस्यहरुलाई बाल अधिकार प्रवर्द्धनका लागि मनोपरामर्श एवम् छलफल गर्ने |
| १५ | धर्मगुरुहरू | समन्वय र सहकार्य | जिम्मेवारीपूर्वक बालविवाह नगराउने, लगन निकाल्नु पर्ने भएमा २० वर्ष पारी निकालिदिने, बालविवाह र धार्मिकता बीच कुनै सम्बन्ध छैन भन्ने वकालत गर्ने । चेतनामूलक कार्यक्रम गर्ने |
| १६ | सामुदायिक वन | कार्यान्वयन, नियमन र समन्वय | समिति सदस्यहरूलाई बालविवाह न्यूनीकरणमा योगदान गर्न आह्वान गर्ने |
| १७ | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | निर्देशन प्राप्त गर्ने, सहकार्य, नियमन र कार्यान्वयन | बालविवाहको जोखिममा रहेका परिवारलाई सेवा, सुविधा सरल तरिकाबाट उपलब्ध गराउने, सो सम्बन्धमा कार्यनीति बनाउने आवश्यक रणनीति, कार्यविधिका लागि पहल गर्ने, निर्माणका निम्ति सहजीकरण गर्ने<br>समुदायमा आधारित बाल संरक्षण प्रणालीको सवलीकरणमा काम गर्ने<br>समन्वय, सहकार्य |
| १८ | स्वास्थ्य संस्था | निर्देशन प्राप्त गर्ने, सहकार्य, नियमन र कार्यान्वयन | बालबालिकाहरूको स्वास्थ्य निरीक्षण, घरदैलो अभियान गर्ने, बालविवाहविरुद्ध सूचना प्रवाह, सबै शिशुहरूको खोपमा पहुँच वृद्धि गर्ने, स्वास्थ्य सूचना तथा सेवा प्रवाह गर्ने । |

### ११.२. क्षमता अभिवृद्धि समिति

सरकारी, गैरसरकारी समुदायको क्षमता अभिवृद्धि गर्न, अनुगमन तथा पृष्ठपोषण गरी कार्यक्रमलाई प्रभावकारी बनाउन, एकद्वार प्रणाली मार्फत् दोहोरोपन हटाउन र बहुआयामिक तथा एकीकृत असर पारी बालविवाहको अन्त्य गर्नका लागि समिति तयार पारिने छ ।

**जिम्मेवारी**

- गाउँपालिकामा उपस्थित मानव स्रोत परिचालन ।
- आवश्यकता अनुसार तालिम तथा अन्तरक्रिया सञ्चालन गर्ने ।
- पदाधिकारी, शाखा कर्मचारीहरू र समुदायको मानवीय क्षमता विकासमा योजनाबद्ध कार्यक्रम सञ्चालन गर्ने ।
- बालविवाहमुक्त वडा घोषणामा सहयोग गर्ने ।

- बालकोष अभिवृद्धिमा पैरवी गर्ने ।
- आवश्यकताका आधारमा ज्ञान, सीप, प्रविधि विकास गर्न तालिम, गोष्ठी, अध्ययन अवलोकन भ्रमणका कार्यक्रम पर्याप्त सञ्चालन गर्ने ।
- गाउँपालिकामा सञ्चालित कार्यक्रमको अनुगमन तथा पृष्ठपोषण गर्ने ।
- कार्यक्रमलाई प्रभावकारी बनाउन, एकद्वार प्रणाली मार्फत दोहोरापन हटाउन भूमिका खेल्ने ।
- बहुआयामिक तथा एकीकृत असर पारी बालविवाहको अन्त्य गर्न एकीकृत कार्ययोजना तयार पार्ने । बास्केट फण्ड (**डालो कोष**) को विकास गरी सघन कार्यक्रम सञ्चालन तालिकासहित बैठक राख्ने र परिचालन गर्ने

### ११.३ कार्यान्वयन, समन्वय र अनुगमन तथा मुल्याङ्कन समिति

यस रणनीतिको कार्यान्वयनका लागि गाउँपालिकामा कार्यान्वयन, समन्वय र अनुगमन तथा मुल्याङ्कन समिति रहने छ । जसमा गाउँपालिकाको नेतृत्वदायी भूमिका रहने छ । यस समितिले “बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२” अनुसार सङ्घीय र प्रदेशसँगको समन्वयमा कार्य गर्ने छ । रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्न गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहायका सदस्यहरू सम्मिलित एक समिति रहनेछ । यस समितिले रणनीति तथा कार्ययोजनामा रहेका बालविवाह विरुद्धका कार्यक्रमहरूलाई आफ्नो गाउँपालिका भित्रका वडा कार्यालयहरू र अन्य गैरसरकारी संस्था तथा नागरिक समाजसँग समन्वय गरी वार्षिक कार्यक्रम मार्फत प्रभावकारी कार्यान्वयन, समन्वय, अनुगमन तथा मुल्याङ्कन गर्नेछ । यस समितिको काम, कर्तव्य र अधिकार आवश्यकता र प्राथमिकता **अनुसूची** ४ मा उल्लेख गरे अनुसारको हुने छ ।

| | |
|---|---|
| १) प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाको कार्यालय | संयोजक |
| २) वडा अध्यक्ष मध्येबाट ३ जना (कार्यपालिकाले तोके बमोजिम) | सदस्य |
| ३) गाउँ कार्यपालिकाको महिला सदस्य (कार्यपालिकाले तोके बमोजिम) | सदस्य |
| ४) प्रमुख, शिक्षा शाखा | सदस्य |
| ५) प्रमुख, स्वास्थ्य शाखा | सदस्य |
| ६) पालिकास्तरीय बाल समूह सञ्जालबाट १ जना बालक १ जना बालिका | सदस्य |
| ७) समितिले तोकेको नागरिक समाजको (कम्तिमा एक जना महिलासहित) ३ जना प्रतिनिधि | सदस्य |
| ८) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | सदस्य सचिव |

## १२. रणनीतिक योजनाका सफलताका सूत्रहरू

१२.१ रणनीतिको विभिन्न माध्यम मार्फत् प्रचारप्रसार गर्ने ।

१२.२ विद्यमान कानूनको कार्यान्वयनमा जोड दिनुपर्ने ।

१२.३ बालिका र किशोरीको सशक्तीकरण गर्न, उनीहरुका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न, बालक, किशोर तथा पुरुषहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न ,परिवार र समुदायलाई सक्रिय रुपमा परिचालन गर्न, आवश्यक सेव प्रवाहलाई प्रभावकारी बनाउने, साथै कानुन र नीतिको सुदृढीकरण र प्रभावकारी कार्यान्वयनमा जोड दिने ।

१२.४ गाउँपालिकाले आवधिक योजना बनाई कार्यान्वयन गर्ने । संघ, संस्थाहरूलाई सोही योजना अनुसार कार्यक्रममा समायोजन गर्न र कार्यान्वयन गर्नका लागि समन्वय र सहकार्य गर्ने ।

१२.५ गाउँपालिकाबाट गर्नुपर्ने अनुगमन र मुल्याङ्कन नियमित गर्ने

१२.६ विद्यमान संयन्त्रहरू र सरोकारवालाहरूले तोकिएको जिम्मेवारी इमान्दारी एवम् कुशलतापूर्वक निभाउने ।

## अनुसूचीहरू

### अनुसूची १ः
### गाउँपालिकाको वडागत जनसांख्यिक विवरण

| वडा | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| १ | २,६०८ | १,३०४ | १,३०४ |
| २ | १,८०८ | ८७२ | ९३६ |
| ३ | २,५२२ | १,२४२ | १,२८० |
| ४ | ३,६७० | १,८१९ | १,८५१ |
| ५ | २,३७९ | १,१३९ | १,२४० |
| ६ | २,९९४ | १,४४६ | १,५४८ |
| ७ | २,७५६ | १,४०७ | १,३४९ |
| कूल | १८,७३७ | ९,२२९ | ९,५०८ |

## अनुसूची २

### कार्यशालाका उपस्थिति विवरण

| क्र.सं. | नाम,थर | पद | ठेगाना | फोन नं. |
|---|---|---|---|---|
| १ | शंकरराज बराल | अध्यक्ष | गोलन्जोर गाउँपालिका | |
| २ | ज्वालाप्रसाद न्यौपाने | उपाध्यक्ष | गोलन्जोर गाउँपालिका | |
| ३ | चन्द्रकान्त चौधरी | प्र.प्र. अधिकृत | गोलन्जोर गाउँपालिका | |
| ४ | रेगनराज थापा | वडा अध्यक्ष | गोलन्जोर गाउँपालिका, वडा नं. ७ | |
| ५ | सोमप्रसाद बराल | वडा अध्यक्ष | गोलन्जोर गाउँपालिका, वडा नं. १ | |
| ६ | कृष्णप्रसाद पोखरेल | वडा अध्यक्ष | गोलन्जोर गाउँपालिका, वडा नं. ३ | |
| ७ | विरेन्द्र शाह | | गोलन्जोर गाउँपालिका | |
| ८ | शरद प्याकुरेल | अधिकृत छैटौं | गोलन्जोर गाउँपालिका | |
| ९ | सुष्मा आचार्य | प्र.स. | गोलन्जोर गाउँपालिका | |
| १० | सिर्जना थापा | | गोलन्जोर गाउँपालिका | |
| ११ | निर्मला कालिकोटे | म.बा. तथा जेष्ठ नागरिक शाखा | गोलन्जोर गाउँपालिका | |
| १२ | खोटप्रसाद पहाडी | वडा सचिव | गोलन्जोर गाउँपालिका, वडा नं. १ | |
| १३ | बन्धु कुमार कर्ण | प्र.अ. | कौशिका मा.वि. | |
| १४ | लाल बहादुर श्रेष्ठ | शिक्षक | जनज्योति मा.वि. | |
| १५ | भिष्मराज पहाडी | प्र.अ. | कामदा मा.वि. | |
| १६ | नारायणदत्त कोइराला | प्र.अ. | बाल मा. वि. | |
| १७ | यज्ञनन्द शाह | प्र.स.ना.नि. | इलाका प्रहरी कार्यालय | |
| १८ | मन्दिरा बयलकोटी | अध्यक्ष | गोलन्जोर गाउँपालिका स्तरीय बाल सञ्जाल | |
| १९ | लिलाबहादुर बयलकोटी | सदस्य | गोलन्जोर गाउँपालिका स्तरीय बाल सञ्जाल | |
| २० | चण्डिका श्रेष्ठ | शिक्षक | कल्याण मा.वि. | |
| २१ | तेजप्रसाद खनाल | शिक्षक | जनता मा.वि. | |
| २२ | प्रदिप लुङगेली मगर | उपाध्यक्ष | जनजाति समाज विकास कार्यक्रम, सिन्धुली | |
| २३ | रुपबहादुर चन्द | परामर्शदाता | सरल जनसेवा केन्द्र | |
| २४ | इन्द्र घर्ति | प्र.ज. | प्रहरी चौकी ग्वालटार | |
| २५ | हिशिला मंग्राती | प्रतिनिधि | बाल क्लब | |
| २६ | सुष्मा वि.क. | प्रतिनिधि | बाल क्लब | |
| २७ | मनिषा बयलकोटी | | | |
| २८ | आशिका थापा | प्रतिनिधि | बाल क्लब | |
| २९ | अर्जुनकुमार बयलकोटी | कार्यक्रम अधिकृत | जनजाति समाज विकास कार्यक्रम, सिन्धुली | |
| ३० | मेनुका थापा | का.स. | गोलन्जोर गाउँपालिका | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | उदय थापा | नगर प्रहरी | गोलन्जोर गाउँपालिका | |
| ३२ | हेमबहादुर भुजेल | का.स. | गोलन्जोर गाउँपालिका | |
| ३३ | तोरण बयलकोटी | प्राविधिक सहायक | गोलन्जोर गाउँपालिका | |
| ३४ | मिनप्रसाद पोखरेल | का.स. | गोलन्जोर गाउँपालिका | |
| ३५ | रामप्रसाद दहाल | परामर्शदाता | सरल जनसेवा केन्द्र | |

**मुख्य जानिफकारसँग अन्तर्वाता**

| क्र.सं. | नाम,थर | पद | ठेगाना | फोन नं. |
|---|---|---|---|---|
| १ | ज्वालाप्रसाद न्यौपाने | उपाध्यक्ष | गोलन्जोर गाउँपालिका | |
| २ | बलबहादुर माझि | प्र.स.नि. | प्रहरी चौकी , ग्वालटार | |
| ३ | निर्मला कालिकोटे | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | गोलन्जोर गाउँपालिका | |
| ४ | सुष्मा आचार्य | शिक्षा शाखा | गोलन्जोर गाउँपालिका | |
| ५ | चन्द्रकान्त चौधरी | प्रमुख प्रशासकीय अधिकृत | गोलन्जोर गाउँपालिका | |
| ६ | गोविन्द लुङगेली | अध्यक्ष | गोलन्जोर गाउँपालिका वडा नं. ५ | |
| ७ | | स्वास्थ्य शाखा | गोलन्जोर गाउँपालिका | |

**लक्षित समूह छलफल**

| क्र.सं. | नाम,थर | पद | ठेगाना | फोन नं. |
|---|---|---|---|---|
| | | **१. किशोरी सञ्जाल** | | |
| १ | सुजाता बुजेल | प्रतिनिधि | किशारी समूह, खुर्कोट | |
| २ | लक्ष्मी श्रेष्ठ | प्रतिनिधि | किशारी समूह, खुर्कोट | |
| ३ | जानुका वि.क. | प्रतिनिधि | किशारी समूह, खुर्कोट | |
| ४ | ममता श्रेष्ठ | प्रतिनिधि | किशारी समूह, खुर्कोट | |
| ५ | भावना आचार्य | प्रतिनिधि | किशारी समूह, खुर्कोट | |
| ६ | राजकुमारी माझि | प्रतिनिधि | किशारी समूह, खुर्कोट | |
| ७ | गणकुमारी आलेमगर | प्रतिनिधि | किशारी समूह, खुर्कोट | |
| ८ | पवित्रा कोइराला | प्रतिनिधि | किशारी समूह, खुर्कोट | |
| ९ | बिनु बस्नेत | प्रतिनिधि | किशारी समूह, खुर्कोट | |
| | | **२. बाल क्लब सञ्जाल** | | |
| १ | लिला बहादुर बयलकोटी | प्रतिनिधि | बाल क्लब सञ्जाल | |
| २ | आश्विता थापा | अध्यक्ष | वडा बाल सञ्जाल | |
| ३ | केशवकुमारी बयलकोटी | सचिव | वडा बाल सञ्जाल | |

| | | | | |
|---|---|---|---|---|
| ४ | दबिन्द्र कार्की | सदस्य | वडा बाल सञ्जाल | |
| ५ | निरुता माझि | सदस्य | विद्यालय बाल सञ्जाल | |
| ६ | मेरिना कार्की | सचिव | सामुदायिक बाल क्लब | |
| ७ | हिसिला मंग्रान्ती | अध्यक्ष | सामुदायिक बाल क्लब | |
| ८ | देबिका मंग्रान्ती | सदस्य | सामुदायिक बाल क्लब | |
| ९ | मन्दिरा बयलकोटी | अध्यक्ष | वडा बाल सञ्जाल | |
| **३. स्वास्थ्य संस्था र महिला स्वास्थ्य स्वंयम्सेविका** | | | | |
| १ | शान्ता सुनुवार | अ न मि | ग्वालटार स्वास्थ्य चौकी | |
| २ | राधेश्याम यादव | अ हे व | ग्वालटार स्वास्थ्य चौकी | |
| ३ | लिला बराल | स्वास्थ्य स्वयम्सेविका | ग्वालटार स्वास्थ्य चौकी | |
| ४ | गिता बस्नेत | स्वास्थ्य स्वयम्सेविका | ग्वालटार स्वास्थ्य चौकी | |
| ५ | राधा कुमारी तोलाग्री | स्वास्थ्य स्वयम्सेविका | ग्वालटार स्वास्थ्य चौकी | |
| ६ | बिमला बयलकोटी | स्वास्थ्य स्वयम्सेविका | ग्वालटार स्वास्थ्य चौकी | |
| ७ | हेमबहादुर बस्याल | का स | ग्वालटार स्वास्थ्य चौकी | |
| ८ | सुनिता बयलकोटी | का स | ग्वालटार स्वास्थ्य चौकी | |
| ९ | निराकुमारी श्रेष्ठ | सि अ न मि | ग्वालटार स्वास्थ्य चौकी | |
| **४. वडा कार्यालय र वडा बाल अधिकार समिति** | | | | |
| १ | खोट प्रसाद पहाडी | सदस्य सचिव | वडा बाल अधिकार समिति | |
| २ | जगदीश नेपाली | सदस्य | वडा बाल अधिकार समिति | |
| ३ | होमराज घिमिरे | सदस्य | वडा बाल अधिकार समिति | |
| ४ | अनुसा सुनुवार | सदस्य | वडा बाल अधिकार समिति | |
| ५ | देविप्रसाद पहाडी | सदस्य | वडा बाल अधिकार समिति | |
| ६ | भिष्मराज पहाडी | सदस्य | वडा बाल अधिकार समिति | |
| **५. संघ संस्था** | | | | |
| १ | सन्तोष थापा | एस. सि. एफ | प्लान इन्टरनेशनल नेपाल | |
| २ | प्रदिप लुङगेली मगर | उपाध्यक्ष | जनजाति समाज विकास कार्यक्रम | |
| ३ | कृष्ण कुमार राई | कार्यक्रम संयोजक | जनजाति समाज विकास कार्यक्रम | |
| ४ | उज्ज्वल न्यौपाने | कार्यक्रम अधिकृत | जनजाति समाज विकास कार्यक्रम | |
| ५ | अर्जुन कुमार बयलकोटी | कार्यक्रम अधिकृत | जनजाति समाज विकास कार्यक्रम | |
| ६ | पवित्रा तिमल्सिना | लेखा अधिकृत | जनजाति समाज विकास कार्यक्रम | |
| ७ | अनिल सार्की | फिल्ड अफिसर | रिलिफ नेपाल | |
| **६. शिक्षक र बाल क्लब प्रतिनिधि** | | | | |
| १ | रमेश कुमार बर्मा | प्र.अ. | जनता मा.वि., खनियाखर्क | |
| २ | सरस्वती बरुवाल | अध्यक्ष | बाल क्लब, जनता मा.वि., | |

| | | | | |
|---|---|---|---|---|
| | | | खनियाखर्क | |
| ३ | सागर शर्मा सापकोटा | सचिव | बाल क्लब, जनता मा.वि., खनियाखर्क | |
| ४ | हरि नारायण यादव | शिक्षक | जनता मा.वि., खनियाखर्क | |
| ५ | तेजप्रसाद खनाल | शिक्षक | जनता मा.वि., खनियाखर्क | |
| ६ | रिता बसेल | शिक्षक | जनता मा.वि., खनियाखर्क | |
| ७ | तारा श्रेष्ठ | शिक्षक | जनता मा.वि., खनियाखर्क | |
| ८ | जुणराज नेपाल | शिक्षक | जनता मा.वि., खनियाखर्क | |
| ९ | मन्दिरा बराल | शिक्षक | जनता मा.वि., खनियाखर्क | |
| १० | ज्वाला कुमारी कार्की | शिक्षक | जनता मा.वि., खनियाखर्क | |
| ११ | गिरिन्द्र बहादुर ठकुरी | शिक्षक | जनता मा.वि., खनियाखर्क | |
| **७. समुदाय प्रतिनिधि** | | | | |
| १ | गायत्री भण्डारी | सचिव | वडा कार्यालय वडा नं. ६ | |
| २ | गोपाल मग्रान्ती | सहायक | वडा कार्यालय वडा नं. ६ | |
| ३ | गरिमा मग्रान्ती | प्रतिनिधि | समुदाय सदस्य, वडा नं. ६ | |
| ४ | बिमला सार्की | प्रतिनिधि | समुदाय सदस्य, वडा नं. ६ | |
| ५ | साबित्रा सार्की | प्रतिनिधि | समुदाय सदस्य, वडा नं. ६ | |
| ६ | बालकुमारी माझि | प्रतिनिधि | समुदाय सदस्य, वडा नं. ६ | |
| ७ | कल्पना सार्की | प्रतिनिधि | समुदाय सदस्य, वडा नं. ६ | |
| ८ | शान्ता मग्रान्ती | प्रतिनिधि | समुदाय सदस्य, वडा नं. ६ | |
| ९ | निरोज बि.क. | प्रतिनिधि | समुदाय सदस्य, वडा नं. ६ | |
| १० | चन्द्रा कुमारी माझि | प्रतिनिधि | समुदाय सदस्य, वडा नं. ६ | |
| ११ | उर्मिला मग्रान्ती | प्रतिनिधि | समुदाय सदस्य, वडा नं. ६ | |
| १२ | पवित्रा सार्की | प्रतिनिधि | समुदाय सदस्य, वडा नं. ६ | |
| १३ | कमला माझि | प्रतिनिधि | समुदाय सदस्य, वडा नं. ६ | |

## अनुसूची ३
## बालविवाह अन्त्यका लागि कार्ययोजना

### क) बालिका र किशोरी क्षमता विकासका लागि

| क.स. | कार्यक्रम र गतिविधि | कति पटक र कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | बालबालिका र किशोरी लक्षित सचेतना कार्यक्रम सञ्चालन गर्ने (सडकनाटक, बालविवाह अन्त्यका लागि अभिमुखीकरण, एफएम रेडियोबाट सूचना प्रवाह गर्ने) | चार पटक | त्रैमासिक | वडा, पालिका, स्वास्थ्य, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा लगायत सरोकारवाला निकायहरु | साझेदार संस्था, एफएम रेडियो, विज्ञहरुको समन्वयमा सामग्री तयार पारी पालिका, वडाको नेतृत्वमा | ३०० |
| २ | बालविवाह विरुद्धका लागि बालबालिकाको समूह निर्माण गर्ने (७ वटै वडाहरूमा) | एकपटक | तत्काल | स्थानीय सरकार | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा मार्फत संघसंस्थाको साझेदारीमा | १०० |
| ३ | जिविकोपार्जनका लागि सीपमूलक क्रियाकलापहरु सञ्चालन गर्ने (विशेषगरी विद्यालय बाहिरका बालबालिका) | आवश्यकता अनुसार | तत्काल सुरु गर्ने | स्थानीय सरकार | विज्ञको सल्लाह अनुरुप CTEVT को समन्वयमा | १५० |
| ४ | बस्ति र वडास्तरमा हुने योजना तर्जुमा बैठकमा आम सहभागितकका लागि बालिका, किशोरी, युवा महिला लगायत किशोर र पुरुषहरुको परिचालन | आवश्यकता अनुसार, | बैशाख र जेठ | बाल समूह, किशोर-किशोरी समूह, अभिभावक र वडाहरु | बस्ति र वडास्तरमा हुने योजना तर्जुमा बैठकमा आम सहभागिताका लागि बालिका, किशोरी, युवा महिला लगायत किशोर र पुरुषहरुको परिचालन | १०० |
| ५ | –तालिम प्राप्त शिक्षक, शिक्षिकाहरुद्वारा बालविवाहविरुद्ध अभिमुखीकरण<br>–बालमैत्री सामाजिक सञ्जालबारे अन्तरक्रिया र प्रतिवद्धता (विद्यालय र घरमा सामाजिक सञ्जाल व्यवस्थापन) | तालिम प्राप्त शिक्षक शिक्षिकाहरुद्वारा बालविवाहविरुद्ध अभिमुखीकरण | २०८२ माघ भित्रमा | • सुपरिवेक्षणमा तालिम प्राप्त शिक्षकशिक्षिका<br>• विद्यालय र बाल समूह | सुपरिवेक्षणमा तालिम प्राप्त शिक्षक, शिक्षिका | १०० |
| ६ | तालिम प्राप्त अनमी र शिक्षिकाद्वारा यौन तथा | २ पटक, ७ वडामा | आव २०८२/८३ को | शिक्षा समितिको | अनुभवी सहयोगी संस्थासँग मिलेर | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रजनन् स्वास्थ्य र अधिकारसम्बन्धी बालिका र किशोरी अन्तरक्रिया | | दोस्रो चौमामा | सुपरीवेक्षणमा तालिम प्राप्त अनमी र शिक्षिका | | |
| ७ | विवाहको जोखिममा रहेका बालबालिका, किशोर-किशोरी र युवा महिलाका लागि (परिवारसहित) लघुउद्यम तालिम | २ पटक, गापा वा पायक पर्ने स्थान | आव २०८२/८३ को दोस्रो चौमामा | गापाको कृषि र पशु र उद्योग शाखाका तालिम प्राप्त कर्मचारी | घरदैलो कार्यक्रममा भेटिएकालाई प्राथमिकता (परामर्शपछि मात्र तालिम र आय आर्जन सहयोग) | २०० |
| ८ | किशोरी सशक्तीकरण समूह , सञ्जाल गठन | १ पटक | | गैरसरकारी संघ संस्था, वडा कार्यालय र गाउँपालिका | बाल विवाह न्यूनिकरणका लागि विभिन्न योजना निर्माण, बाल समूहहरु गठन, | ५० |
| ९ | बालिका स्वास्थ्यका लागि क्षमता विकास कार्यक्रम | चार पटक | त्रैमासिक | स्वास्थ्य शाखा | | ५० |

## ख) बालिका र किशोरीका लागि गुणस्तरीय शिक्षाका लागि

| क्र.स. | कार्यक्रम र गतिविधि | कति पटक र कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिकाहरुका लागि भर्ना अभियान सञ्चालन गर्ने | १ पटक विद्यालय, गाउँटोल तथा सेवा क्षेत्रमा | वैशाख मसान्त सम्म | शिक्षा शाखा र विद्यालय | घरदैलो अभियान, सञ्चार माध्यमबाट सूचना प्रसारण गर्ने | ५० |
| २ | माध्यामिक तह सम्मको शिक्षा नि:शुल्क र अनिवार्य गर्ने | प्रत्येक वर्ष विद्यालयमा | शैक्षिक सत्रको सुरू देखि | स्थानीय तह | आवश्यक बचत व्यवस्थापन गरेर | |
| ३ | सुरक्षित, सफा र लैङ्गिकमैत्री शौचालय निर्माण | विद्यालयमा निर्माण १ पटक र | शैक्षिक सत्रको सुरू देखि | गाउँपालिकाको समन्वयमा विद्यालयले | पुरानो भएमा मर्मत गर्ने र हुँदै नभएमा निर्माण गर्ने | ५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सरसफाई नियमित | | | | |
| ४ | सेनेटरी प्याड,पाठ्यपुस्तक, पोशाक, दिवा खाजाको व्यवस्था तथा उच्च शिक्षाको लागि छात्रवृत्ति | प्रत्येक वर्ष विद्यालयमा | शैक्षिक सत्रको सुरू देखि | संघ, प्रदेश र स्थानीय तह | निश्चित मापदण्डको आधारमा | ५०० |
| ५ | महिला शिक्षकको व्ययस्थापन तथा विद्यालय व्यवस्थापनमा महिलाको अर्थपूर्ण सहभागिता गराउने | विद्यालयमा १ पटक | शैक्षिक सत्रको सुरूमा | गाउँपालिका र विद्यालयको समन्वयमा | महिला शिक्षकको दरबन्दी मिलाउने र दरबन्दी सिर्जना गर्ने | |
| ६ | बाल विवाह, लैङ्गिक हिंसा, यौन तथा प्रजनन् स्वास्थ्य सूचना तथा सेवाको सुनिश्चितता गर्ने | प्रत्येक महिनाको १ पटक विद्यालयमा | अन्तिम शुक्रबार | विद्यालयले गर्ने | शिक्षा, स्वास्थ्य , सामाजिक संघ संस्थाको समन्वय र सहकार्यमा | १०० |
| ७ | विद्यालयको अतिरिक्त कृयाकलापमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने | प्रत्येक पटक विद्यालयमा | हरेक शुक्रबार | विद्यालयको अतिरिक्त कृयाकलाप समिति | बालिकाको सहभागिता सुनिश्चित गर्ने । | २०० |

## ग) बालक, किशोर र पुरुषहरुको सहभागिताका लागि

| क्र.स. | कार्यक्रम र गतिविधि | कति पटक र कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्यका लागि सामुदायिक जनचेतनामुलक कार्यक्रम (जस्तै भिडियो प्रदर्शनी, सडक नाटक, र्‍याली, अभिमुखीकरण र अन्तरक्रिया आदि) | १४ पटक, ७ वटा वडामा | आ.व. २०८२/८३ को दोस्रो र तेस्रो चौमासिकमा २ पटक | गाउँपालिका र वडा, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | • अनुभवी सहयोगी संस्थासँग मिलेर<br>• सडक नाटकका लागि अभ्यास गरेर | ३७५ |
| २ | सामाजिक बहिष्कार तथा सरकारी सेवा सुविधाबाट वञ्चित गराउने (सकारात्मक विभेद) | हरेक वडामा | तुरुन्तै | गाउँपालिका तथा वडाहरु र कार्यान्वयन, समन्वय र अनुगमन तथा मुल्याङ्कन समिति | बालविवाह गर्ने र गराउनेलाई बहिष्कार गरेर (कार्यान्वयन गर्ने भन्दा पनि यसलाई बालविवाह निरुत्साहनको निम्ति भन्ने हतियार मात्र बनाउन सकिन्छ ) | १०० |
| ३ | विवाहको जोखिममा रहेका बालक, किशोर र युवापुरुषकालागि (परिवार सहित) लघु उद्यम | २ पटक, गापा वा पाएक पर्ने स्थान | आव २०८२/८३ को अन्त्य सम्ममा | गाउँपालिकाको कृषि, पशु र उद्योग शाखाका तालिम | • घरदैलो कार्यक्रममा भेटिएकालाई प्राथमिकता | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तालिम | | | प्राप्त कर्मचारी | • परामर्शपछि मात्र तालिम र आयआर्जन सहयोग | |
| ४ | धामी, झाँक्रि र ज्योतिषहरु लगायतका धर्म गुरुहरुलाई बाल विवाह विरुद्ध तालिम | २ पटक, सबै वडाहरुमा | बैशाख र माघमा | वडा र गैरसरकारी संस्था | उनीहरुसँग समन्वय गरेर | ५० |
| ५ | बाल विवाहको जोखिममा रहेका बालक तथा किशोर परिवार लक्षित घरदैलो र परामर्श | ४ पटक, सबै वडाहरुमा | हरेक चौमामा | वडा, स्वंयसेविका, सामाजिक परिचालक र गैरसरकारी संस्था | हरेक घरमा पुग्ने, विशेषगरी जोखिम घरमा | ५० |
| ६ | सकारात्मक अभीभावकत्व सम्बन्धी कक्षा संचालन | सबै वडाहरुमा बर्षको २ पटक | असोज र चैत्रमा | गाउँपालिका, वडा कार्यालय, गैसस। | छलफल, अन्तरक्रिया, अभिमुखीकरण | ५० |
| ७ | घटना व्यवस्थापकको परिचालन | सबै वडाहरुमा | आ.व. ०८२/०८३ | वडाहरु र गैसस | घटना व्यवस्थापक कार्यकर्ता | ५० |

## घ) परिवार र समुदाय परिचालनका लागि

| क्र.स. | कार्यक्रम र गतिविधि | कति पटक र कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | बाल विवाह का नकारात्मक असर र कानुनी व्यवस्थापका सम्बन्धमा आमा समूह, अभिभावक, धार्मिक गुरुहरुलाई अभिमुखीकरण कार्यक्रम | ७ पटक प्रत्येक वडामा | आ.व. २०८२/०८३ को असोज महिना भित्र | गाउँपालिका, वडा कार्यालय | अन्तर्कृया गरेर | २५० |
| २ | छोरा र छोरी बीचको विभेद लगायत सामाजिक हानिकारक अभ्यास निरुत्साहित गर्ने घरदैलो अभियान | आवश्यकता अनुसार | आ.व. २०८२/०८३ को माघभित्र | वडा कार्यालयले स्थानीय टोलमा रहेका समूह, समितिसँग समन्वय गरेर | घरदैलो अभियान पोष्टर पम्प्लेट वितरण गरेर | १५० |
| ३ | असल अभिभावकत्व सम्बन्धी ज्ञान सीपहरुको विकास गरी परिवार तथा विद्यालयमा अन्तरपुस्ता संवाद कार्यक्रम (१५ देखि २० वर्ष मुनिका लक्षित) | आवश्यकता अनुसार विद्यालयमा | आ.व. २०८२/०८३ भित्र | संघ संस्थाको सहयोग र वडा कार्यालयको समन्वयमा | अन्तर्कृया, छलफल | १०० |
| ४ | बाल विवाह विरुद्धका सचेतनामुलक सन्देश तथा कार्यक्रम प्रसारण | वर्ष भरी | नियमित | रेडियो तथा पत्रपत्रिका मार्फत गाउँपालिका | प्रकाशन तथा प्रसारण | ५० |

# बाल विवाह अन्त्यका लागि रणनैतिक योजना (२०८२-२०८३)

## ङ) कानुन र नीतिको सुदृढीकरण र कार्यान्वयन

| क्र.स. | कार्यक्रम र गतिविधि | कति पटक र कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | बाल विवाह न्यूनिकरण सम्बन्धी अभिभावक र बालबालिका बीच कानुनी अभिमुखीकरण कार्यक्रम गर्ने । | ३ पटक (सवै वडाहरुमा) | कार्तिक, माघ र वैशाख | सम्बन्धित वडा, गैर सरकारी संस्था | वडा अध्यक्षसँग समन्वय गरी सम्बन्धित टोलको सरोकारवालाको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने | २१० |
| २ | बालबालिका सम्बन्धी स्थानीय कानुन संशोधन तथा परिमार्जन | आवश्यकता अनुसार ऐन र कार्यविधिको हकमा | गाउँ सभाबाट | कार्यपालिका, गाउँ सभा | सरोकारवालासँग छलफल गरी विद्यमान समिति कार्यपालिकाबाट पारित गर्ने । गाउँ सभाबाट पारित गर्नुपर्ने विषयमा गाउँसभामा छलफल गरी संशोधन प्रस्ताव पारित गर्ने । | ४० |
| ३ | नयाँ कानुन, कार्यविधि, मापदण्ड तर्जुमा गर्ने ( बाल समूह गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि) | १ पटक पालिकामा | आ.व. २०८२/०८३ पहिलो चौमासिक भित्र | कार्यपालिका | सरोकारवालाहरुसँग छलफल, विद्यमान समिति मार्फत कार्यपालिकामा पेश र स्विकृत | ५० |
| ४ | कानुन कार्यान्वयन गर्ने निकायहरु बीच समन्वय गर्ने | वर्षमा ३ पटक पालिकामा | पहिलो, दोस्रो र तेस्रो चौमासिक अवधिमा | सम्बन्धित शाखाको पहलमा पालिकाले | प्रचार प्रसार, छलफल निर्णय | १०० |
| ५ | कानुन कार्यान्वयनमा संलग्न पदाधिकारी र कर्मचारीहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | २ पटक पालिका र अन्तर पालिकामा | पहिलो र अन्तिम चौमासिकमा | पालिकाले | अवलोकन अध्ययन भ्रमण, भेटघाट, अन्तरक्रिया | ३०० |

# बाल विवाह अन्त्यका लागि रणनैतिक योजना (२०८२-२०८३)

## च) सेवा प्रवाहसम्बन्धी

| क्र.स. | कार्यक्रम र गतिविधि | कति पटक र कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | अभिभावक शिक्षा/सकारात्मक अभिभावकत्व सम्बन्धी कक्षा सञ्चालन कार्यक्रम<br>विद्यालयमा अध्ययन गर्ने बालबालिका, अभिभावक (महिला, पुरुष) तथा उक्त विद्यालयमा अध्यापन गराउने शिक्षक शिक्षिकाहरुको प्रत्यक्ष सहभागिता रहने | ३/३ पटक प्रत्येक वडामा | २०८२ कार्तिक १० गते देखि | वडा कार्यालयले | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा मार्फत समन्वय गरी समुदाय र विद्यालयमा गर्ने | ६३० |
| २ | जनप्रतिनिधिसँग बालबालिका अन्तर्कृया कार्यक्रम ( किशोर किशोरी तथा पुरुष महिलाहरुको सहभागिता रहने गरी बाल विवाह, बाल संरक्षणका बरेमा कानुनि प्रकृया सम्बन्धी अन्तर्कृया) गर्ने | २/२ पटक प्रत्येक वडामा | आ.व. २०८२।०८३ मा समयानुकुल | प्रत्येक वडा कार्यालय मार्फत | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा मार्फत समन्वय गरी समुदाय र विद्यालयमा गर्ने | २८० |
| ३ | बाल विवाहबाट सृजित लैङ्गिक हिंसा सम्बन्धी क्रियाकलापबारे अनुगमन गर्ने र दोषि लाई सजाय दिलाउने | प्रत्येक वडामा ६/ ६ पटक | २०८२ | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, जनजाती समाज विकास कार्यक्रम, रिलिफ नेपाल, सुरक्षा निकाय र वडाले | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, जनजाती समाज विकास कार्यक्रम, रिलिफ नेपाल, सुरक्षा निकाय र वडाको समन्वयमा | १६८ |
| ४ | बाल विवाह भए नभएको एकिन गर्ने र नभएको भएमा बाल विवाह अन्त्य भएको वडा र पालिका घोषणा गर्ने | प्रत्येक वडामा १/ १ पटक | २०८३ चैत्र भित्र | वडा र पालिका | सम्पूर्ण वडाको समन्यमा | ३५० |

(नोटः माथि उल्लेखित १ वर्षको कार्य सम्पादन तथा उपलब्धीहरुको मुल्याङ्कन गरेर आगामी वर्षको कार्यक्रम र बजेट तयार गरी थप १ वर्षको कार्ययोजना तयार पारिनेछ ।)

## अनुसूची ४ः
## कार्यान्वयन, समन्वय र अनुगमन तथा मुल्यांकन समितिको काम, कर्तव्य र अधिकार

१. गाउँपालिका कार्यान्वयन, समन्वय र अनुगमन तथा मुल्याङ्कन समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- क) यस रणनीति तथा कार्ययोजनामा रहेका बालविवाह विरुद्धका कार्यक्रमहरूलाई आफ्नो वार्षिक कार्यक्रममा अनिवार्य रूपमा समावेश गरी कार्यान्वयन, समन्वय र पहल गर्ने ।
- ख) बालबिवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरूको नियमित तथा आवश्यकतानुसार अनुगमन, मुल्याङ्कन र पृष्ठपोषण गर्ने ।
- ग) क्षमता अभिवृद्धि समितिको समन्वयमा एकीकृत कार्ययोजना तयार पार्ने, बास्केट फण्डको विकास गरी सघन कार्यक्रम सञ्चालन गर्ने ।
- घ) “बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२” कार्यान्वयन गर्न संघीय र प्रदेश सरकारसँग समन्वय स्थापना गर्ने ।
- ङ) रणनीति तथा कार्ययोजना अनुसार बालविवाह विरुद्धका कार्यक्रमहरूलाई वडा कार्यालयहरुले काम गर्ने/ गराउने ।
- च) गैरसरकारी संस्थाहरूसँग मिलेर बालविवाह बढी हुने वडाहरूमा कार्यक्रम केन्द्रित गर्ने ।

२. समितिको बैठक कम्तीमा वर्षमा ४ पटक बस्नेछ ।

३. समितिको बैठकमा आवश्यकतानुसार गाउँपालिकाका जनप्रतिनिधिहरू, सम्बन्धित क्षेत्रका विज्ञ एवम् संघ, संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

४. बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## अनुसूची ५ः
## बालविवाह विरुद्ध उजुरी लिने निकायहरू

- स्थानीय प्रहरी कार्यालय वा नेपाल प्रहरीको कन्ट्रोल १००
- गाउँपालिकाको न्यायिक समिति
- बालबालिका खोजतलास समन्वय केन्द्र भृकुटीमण्डप, काठमाडौं, नेपाल टोल फ्री नं. १०४
- गाउँपालिकाको बालकल्याण अधिकारी
- घटना व्यवस्थापन एकीकृत प्रणाली १०९८